"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र दीगो पूर्वाधार – आत्मनिर्भर मंगलसेन नगरको बलियो आधार"

# वार्षिक प्रगति समिक्षा प्रतिवेदन

## आर्थिक वर्ष २०८२/८३




मंगलसेन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मंगलसेन,अछाम

सुदुरपश्चिम प्रदेश, नेपाल

## संरक्षक

श्री पदम बहादुर बोहरा,नगर प्रमुख

श्री संगिता कुमारी रावल, नगर उप-प्रमुख

श्री बिष्णु प्रसाद ढुंगाना, प्रमुख प्रशासकिय अधिकृत

## सम्पादन मण्डल

श्री खकेन्द्र बहादुर सोडारी, प्रशासकिय अधिकृत (अधिकृतस्तर सातौं)

श्री भुमिनन्द ढुंगाना, जनस्वास्थ्य निरिक्षक (अधिकृत छैटौं)

सर्वाधिकार सुरक्षित

मंगलसेन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मंगलसेन, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

मंगलसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मंगलसेन अछाम



## सन्देश

मंगलसेन नगरपालिकाको टिमको प्रयासबाट प्रकाशित हुन सफल यस मगलसेन नगरपालिकाको बार्षिक प्रगति प्रतिवेदन प्रति नगर कार्यपालिकाको कार्यालयको तर्फबाट धन्यवाद तथा बधाई ज्ञापन गर्न चाहन्छु। यस प्रकारको प्रतिवेदनले विगतका प्रगतिहरुको चित्रण साथै आगामी दिनमा तथ्यपरक योजना निर्माण र कार्यान्वयनमा सहयोग गर्ने अपेक्षा गरेको छु। मलाई आशा छ, यस प्रतिवेदनमा समावेश भएका विषयवस्तुहरुले योजनाकारहरु, सोधकर्ताहरु, व्यवस्थापकहरु, सेवाप्रदायकहरुका साथै अन्य सरोकारवालाहरुलाई समेत सहयोग हुनेछ।

यो प्रतिवेदनले मंगलसेन नगरपालिकाले २०८२।८३ मा सम्पादित कार्यहरु तथा कार्यक्रमसँग सम्बन्धित सुचकहरुका बारेमा प्रस्तुत गरेको छ। कर्मचारीहरु तथा जनप्रतिनिधिहरुको उच्च मनोबलका साथ काम गरेका कारण स्वास्थ्यका सूचकहरुमा अपेक्षित प्रतिफल हासिल भएको देखिन्छ, सेवाको उपभोगमा वृद्धि भएतापनि अझै पनि सेवाको पहुँच नपुगेका वर्गहरुलाई समेट्ने तथा सेवाको गुणस्तरमा वद्धि गर्नका लागि म मंगलसेन नगरपालिका सबै कर्मचारीहरुलाई सल्लाह दिन चाहन्छु। म समुदाय स्तरमा काम गर्ने महिला स्वास्थ्य स्वयं सेविकाहरु, जनप्रतिनिधिहरु, वडा तथा नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारिहरुको कार्यप्रति सबैलाई धन्यबाद तथा बधाई दिन चाहन्छु।

अन्त्यमा यो प्रतिवेदन तयार र प्रकाशनमा सहयोग गर्नुहुने मंगलसेन नगरपालिकाको सम्पूर्ण टिमलाई विशेष धन्यवाद दिन चाहन्छु ।

..........................

**पदम बहादुर बोहोरा**
**नगर प्रमुख**
**मंगलसेन नगरपालिका**



मंगलसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मंगलसेन अछाम

## सन्देश

मंगलसेन नगरपालिका अछामको टिमको प्रयासबाट प्रकाशित हुन सफल यस मगलसेन नगरपालिकाको बार्षिक प्रगति प्रतिवेदन प्रति नगर कार्यपालिकाको कार्यालयको तर्फबाट धन्यवाद तथा बधाई ज्ञापन गर्न चाहन्छु। यस प्रकारको प्रतिवेदनले विगतका प्रगतिहरुको चित्रण साथै आगामी दिनमा तथ्यपरक योजना निर्माण र कार्यान्वयनमा सहयोग गर्ने अपेक्षा गरेको छु। मलाई आशा छ, यस प्रतिवेदनमा समावेश भएका विषयवस्तुहरुले योजनाकारहरु, सोधकर्ताहरु, व्यवस्थापकहरु, सेवाप्रदायकहरुका साथै अन्य सरोकारवालाहरुलाई समेत सहयोग हुनेछ।

यो प्रतिवेदनले मंगलसेन नगरपालिकाले आ .व. २०८२।८३ मा सम्पादित कार्यहरु तथा कार्यक्रमसँग सम्बन्धित सुचकहरुका बारेमा प्रस्तुत गरेको छ। नगरपालिकाको अथक मेहनत तथा खटाईका कारण नगरपालिकाका सूचकहरुमा अपेक्षित प्रतिफल हासिल भएको देखिन्छ, सेवाको उपभोगमा वृद्धि भएतापनि अझै पनि सेवाको पहुँच नपुगेका वर्गहरुलाई समेट्ने तथा सेवाको गुणस्तरमा वढ्धि गर्नका लागि म मंगलसेन नगरपालिका अछामलाई सल्लाह दिन चाहन्छु। म समुदाय स्तरमा काम गर्ने महिला स्वास्थ्य स्वयं सेविकाहरु, स्वास्थ्यकर्मीहरु, सम्पुर्ण कर्मचारिहरु तथा जनप्रतिनिधिहरुको कार्यप्रति सबैलाई धन्यबाद तथा बधाईदिन चाहन्छु।

अन्त्यमा यो प्रतिवेदन तयार र प्रकाशनमा सहयोग गर्नुहुने सम्पूर्ण टिमलाई विशेष धन्यवाद दिन चाहन्छु ।

..........................

**संगिता रावल**

**उप प्रमुख**

**मंगलसेन नगरपालिकाको कार्यालय**

मंगलसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय



मंगलसेन अछाम

**सन्देश**

परिवर्तित संरचना अनुसार मंगलसेन नगरपालिका स्वास्थ्य शाखा , अछामको टिमको प्रयासबाट प्रकाशित हुन सफल यस यस मंगलसेन नगरपालिका अछामको बार्षिक प्रगति प्रतिवेदन प्रति मंगलसेन नगरपालिकाको तर्फबाट सबैलाई बधाई ज्ञापन गर्न चाहन्छु। बार्षिक प्रतिवेदन प्रकासनले प्रगतिहरु मात्र चित्रण नगरी यसले आगामी दिनमा तथ्यपरक योजना निर्माण र कार्यान्वयनमा सहयोग गर्ने अपेक्षा गरेको छु।

यो प्रतिवेदनले नगरपालिकाले आ व २०८२।८३ मा सम्पादित कार्यहरु तथा कार्यक्रमसँग सम्बन्धित सुचकहरुका बारेमा प्रस्तुत गरेको छ। सेवाको उपभोगमा वृद्धि भएतापनि अझै पनि सेवाको पहुँच नपुगेका वर्गहरुलाई समेट्ने तथा सेवाको गुणस्तरमा बृद्धि गर्दै लैजानु पर्ने देखिन्छ। निशर्त समुदाय स्तरमा काम गर्ने महिला स्वास्थ्य स्वयं सेविकाहरु, नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरु,शिक्षक, कर्मचारिहरुको कार्यप्रति आभार प्रकट गर्न चाहन्छु। संविधानको मर्म अनुसार संघ, प्रदेस र स्थानीय तहको स्पष्ट जिम्मेवारी अनुसूचिमा उल्लेख सेवा प्रदान गर्ने कार्यमा सबै तहलाई उत्तिकै जिम्मेवार बनाएको देखिन्छ ।सेवा प्रबाहमा खटिनु भएका विभिन्न सरकारि तथा गैर सरकारी क्षेत्रमा कार्यरत सम्पुर्ण सरोकारवालाहरुलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यो प्रतिवेदन तयार र प्रकाशनमा सहयोग गर्नुहुने मंगलसेन नगरपालिकाको सम्पूर्ण टिमलाई विशेष धन्यवाद दिन चाहन्छु ।

........................

प्रमुख प्रशासकिय अधिकृत

मंगलसेन नगरपालिका

मंगलसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय



मंगलसेन अछाम

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

## मन्तव्य

नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन प्रकाशनको यस अवसरमा योजना, अनुगमन तथा मूल्याङ्कन शाखाको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनी व्यवस्था अनुरूप नगरपालिकाले वार्षिक नीति, कार्यक्रम र बजेटमार्फत निर्धारित विकास लक्ष्य, सेवा प्रवाह तथा सुशासनका उद्देश्यहरूलाई कार्यान्वयन गर्दै आएको छ। सोही कार्यान्वयन प्रक्रियामा प्राप्त उपलब्धि, सिकाइ, चुनौती र आगामी कार्यदिशालाई समेटी तयार गरिएको यो वार्षिक प्रगति प्रतिवेदन नगरपालिकाको समग्र विकास यात्राको दस्तावेजका रूपमा महत्वपूर्ण रहने विश्वास लिइएको छ।

आर्थिक वर्ष २०८२/०८३ मा नगरपालिकाले पूर्वाधार विकास, कृषि तथा पशुपन्छी विकास, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, सामाजिक सुरक्षा, महिला तथा बालबालिका, युवा तथा खेलकुद, वातावरण संरक्षण, विपद् व्यवस्थापन, सूचना प्रविधि तथा संस्थागत सुशासन लगायतका क्षेत्रमा विभिन्न कार्यक्रम तथा आयोजना सञ्चालन गरेको थियो। ती कार्यक्रमहरूको प्रगति, उपलब्धि तथा वित्तीय अवस्थाको वस्तुनिष्ठ समीक्षा गरी यस प्रतिवेदनमा समावेश गरिएको छ।

यो प्रतिवेदन तयार गर्ने क्रममा तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण शाखा, वडा कार्यालय, विषयगत समिति, कर्मचारी, जनप्रतिनिधि तथा सहयोगी निकायप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। विशेष गरी तथ्यमा आधारित योजना तथा निर्णय प्रक्रियालाई सुदृढ बनाउन सहयोग पुऱ्याउने सबै सरोकारवालाहरूको योगदान प्रशंसनीय रहेको छ।

अन्त्यमा, यस प्रतिवेदनले नगरपालिकाको विकास प्रयासलाई थप प्रभावकारी, समावेशी, दिगो तथा परिणाममुखी बनाउन मार्गदर्शन प्रदान गर्ने विश्वास व्यक्त गर्दै नगरवासी, सरोकारवाला संस्था तथा विकास साझेदारहरूबाट प्राप्त रचनात्मक सुझावलाई सदैव स्वागत गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

..........................

खकेन्द्र बहादुर सोडारी

शाखा प्रमुख

योजना, अनुगमन तथा मूल्याङ्कन शाखा

**प्राक्कथन**

स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले स्थानीय आवश्यकता, जनअपेक्षा र उपलब्ध स्रोत—साधनको प्रभावकारी उपयोग गर्दै विकास तथा सेवा प्रवाह गर्नु यसको प्रमुख दायित्व हो। यही उद्देश्यअनुरूप मंगलसेन नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ मा शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, सामाजिक विकास, सुशासन तथा सेवा प्रवाहलगायत विभिन्न क्षेत्रमा नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गरेको छ।

प्रस्तुत वार्षिक प्रगति समीक्षा प्रतिवेदनमा उक्त आर्थिक वर्षमा नगरपालिकाले हासिल गरेका प्रमुख उपलब्धि, कार्यक्रम कार्यान्वयनको अवस्था, विषयगत प्रगति, चुनौती तथा आगामी कार्यदिशालाई तथ्यमा आधारित रूपमा समेटिएको छ। यस प्रतिवेदनले विगतको कार्यसम्पादनको समीक्षा गर्दै आगामी योजना तथा कार्यक्रमलाई थप प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाउन महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास लिइएको छ।

प्रतिवेदन तयार गर्ने क्रममा सहयोग, समन्वय र आवश्यक सूचना उपलब्ध गराउनुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, वडा कार्यालय, विषयगत शाखा तथा सरोकारवालाहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। यस प्रतिवेदनबाट प्राप्त सुझाव तथा प्रतिक्रियालाई आगामी कार्यसम्पादन सुधारका लागि मार्गदर्शनका रूपमा ग्रहण गरिनेछ।

मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम

# बिषय सुचि


प्राक्कथन ........ vii

परिच्छेद-एक प्रारम्भिक ........ 10

१.१ भूमिका ........ 10

१.२ मंगलसेन नगरपालिकाको परिचय ........ 11

१.२.१ पृष्ठभूमि ........ 11

१.२.२ क्षेत्रफल,सिमाना तथा धरातलिय स्वरुपः ........ 11

१.२.३ मंगलसेन नगरपालिकाको कार्यालय देखि वडा कार्यालय सम्मको दुरी ........ 12

१.२.४ राजनीतिक अवस्थिति ........ 12

१.२.५क्षेत्रफल र जनसंख्या ........ 13

१.२.६ नगर कार्यपालिकाको संगठन संरचना ........ 15

१.२.७ नगर कार्यपालिका पदाधिकारी तथा सदस्यहरुको विवरण ........ 15

१.२.८ संस्थागत विवरण ........ 16

१.३ मंगलसेन नगरपालिकाको आ.व. २०८२।८३ का मुख्य नीति तथा कार्यक्रमहरु ........ 16

परिच्छेद-दुई बिषयगत शाखाहरुले सम्पादन गरेका मुख्य कार्यहरु ........ 21

२.१ प्रशासन शाखा ........ 21

२.२ आर्थिक प्रशासन शाखा ........ 36

२.३ राजस्व शाखा ........ 38

२.४ स्वास्थ्य शाखा ........ 41

२.५ शिक्षा युवा तथा खेलकुद शाखा ........ 47

२.६ महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा ........ 50

२.७ सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा ........ 52

२.८ योजना तथा अनुगमन शाखा ........ 54

२.९ पुर्वाधार विकास शाखा ........ 56

२.१० कृषि शाखा ........ 59

२.११ पशु सेवा शाखा ........ 62

२.१२ जिन्सि शाखा ........ 64

२.१३ रोजगार शाखा....71
२.१४ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम....73
२.१५ न्यायिक समिति....73
२.१६ वन वातावरण तथा विपद् शाखा....74
परिच्छेद-तिन वडाहरुले सम्पादन गरेका मुख्य कार्यहरु....77
३.१ वडा नं १ को कार्यालय....77
३.२ वडा नं २ को कार्यालय....78
३.३ वडा नं ३ को कार्यालय....80
३.४ वडा नं ४ को कार्यालय....83
३.५ वडा नं ५ को कार्यालय....86
३.६ वडा नं ६ को कार्यालय....88
३.७ वडा नं ७ को कार्यालय....91
३.८ वडा नं ८ को कार्यालय....95
३.९ वडा नं ९ को कार्यालय....97
३.१० वडा नं १० को कार्यालय....98
३.११ वडा नं ११ को कार्यालय....100
३.१२ वडा नं १२ को कार्यालय....101
३.१३ वडा नं १३ को कार्यालय....103
३.१४ वडा नं १४ को कार्यालय....106
अनुसुचिहरु....109
मंगलसेन नगरपालिकाको SWOT Analysis....109
फोटो ग्यालरी....111

# परिच्छेद-एक

# प्रारम्भिक

## १.१ भूमिका

यो मंगलसेन नगरपालिका, अछामको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक प्रतिवेदन हो । यस प्रतिवेदनले मुख्यतया मंगलसेन नगरपालिका, अछामले यस आ मा सम्पन्न गरेका सम्पूर्ण कार्यप्रगति र उपलब्धीविश्लेषण गरेको छ। यसले मंगलसेन नगरपालिकाका सबै शाखाहरुका साथै नगरपालिका अन्तर्गत सबै वडाहरुले गरेको प्रगतिलाई तुलनात्मक हिसाबले विश्लेषण गरेको छ ।

यसले निम्न विषयवस्तुहरु समेटेको छ ।

- ❖ मंगलसेन नगरपालिकाको बारेमा संक्षिप्त जानकारी
- ❖ वडा तथा शाखाको लक्ष्य, उद्देश्य, रणनीति, क्रियाकलाप र उपलब्धिहरु
- ❖ कार्यक्रम अनुसारका सुचकहरु र ती सुचकहरुको तुलनात्मक विश्लेषण
- ❖ कार्यक्रमसँग सम्बन्धित विषय वस्तुहरु,समस्याहरु र ती समस्यासमाधानका लागि आगामी वर्ष चाल्नु पर्ने आवश्यक कदमहरु

यो प्रतिवेदन २०८३ साउन ३ र ४ गते सम्पन्न भएको पालिका स्तरीय बार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठीका क्रममा भएको व्यापक छलफलबाट तयार पारिएको हो। समिक्षा कार्यक्रममा नगरपालिकाका नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकिय अधिकृत,सबै वडा अध्यक्षहरु,कार्यपालिकाका सदस्यहरु,बिषयगत शाखाका प्रमुखहरु र सबै वडाका वडा सचिवहरुको उपस्थितीमा २ दिनको समिक्षा कार्यक्रमसम्पन्न भएको थियो। उक्त समीक्षा कार्यक्रममा सबै वडा तथा शाखा प्रमुखहरुले आ।व २०८२।८३ प्रगति सम्बन्धी सुचकहरुको तुलनात्मक अवस्थाका बारेमा प्रस्तुतिकरण गरेका थिए। सम्पूर्ण छलफलमा आएका विषयवस्तुहरुलाई समेटेर कार्यक्रम अनुरुपको कार्ययोजना बनाई कार्यान्वयन गर्ने प्रतिबद्धता समेत व्यक्त गरिएको थियो।

## १.२ मंगलसेन नगरपालिकाको परिचय

### १.२.१ पृष्ठभूमि

वि.सं २०७१ साल वैशाख २५ गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट अछाम जिल्लाको सदरमुकाम समेत रहेको साविकका मंगलसेन, जूपु बलीगाउँ, कुन्तीवण्डाली र जनालीवण्डाली गा.वि.स.हरु मिलाएर मंगलसेन नगरपालिका घोषणा गरे अनुसार २०७१ साल जेष्ठ ४ गते विधिवत रुपमा स्थापना भएको हो। त्यसताका मंगलसेन नगरपालिकालाई ११ बटा वडामा विभाजित गरिएको थियो। स्थानीय तह निर्धारण तया सिफारिस आयोगको २०७३ सालको सिफारिसका आधारमा नेपाल सरकारले देशभरी ७५३ वटा स्थानीय तह घोषणा गर्दा अछाम जिल्लामा १० वटा स्थानिय तहहरुको आधारमा नेपाल सरकारले देशभरी ७५३ बटा स्थानिय तह घोषणा गर्दा अछाम जिल्लामा १० बटा स्थानिय तहहरु मध्ये मंगलसेन नगरपालिकामा पुन साविकका बस्ती, कालागाउँ र बान्नातोली गा.वि.स. नाई समावेश गरी १४ वटा वडामा विभाजिन गरिएको छ।

नव गठीत स्थानिय तह विभिन्न स्थानको नामाकरण कनै न कुनै प्रसंग बस मिलाएर राखेको पाइन्छ । कतै प्राकृतिक सम्पदाका नामबाट नामाकरण गरिएको छ भने कतै देवि देवताका नामबाट नामाकरण गरिएको पाईन्छ। कुनै पनि स्थानको पूर्ण अध्ययनका लागि ऐतिहासिक पृष्ठभुमिको विश्लेषण गर्न जरुरी रहन्छ। मंगलसेन नगरपालिकाको नामाकरणका सन्दर्भमा निम्नानुसार भनाइहरु रहेको पाइन्छ ।

"पुरानो जिल्ला विकास समिति (हालको जिल्ला समन्वय समितिको सभा हल) उत्तरपूर्व र खुल्ला मंच रहेको तल्लो पट्टी (हाल जिप पार्क बनाएको स्थान) मा राम्रो खेती योग्य जमिन थियो। राम्रो खेती योग्य जमिन खेतलाई अछाममा सैन भन्ने गरिन्छ। ति दुईओटा सैनमा राम्रो खेतियोग्य जमिन भएका कारणले राम्रोलाई "मंगल" र सम्म परेको खेतलाई "सैन" यी दुईटै शब्द जोडेर मंगलसैन नामाकरण गरीएको हो भन्ने भनाई पाईन्छ। बोलीचालीको क्रममा विस्तारै "मंगलसैन "बाट अपभ्रंसश हुदै "मंगलसेन" भनी प्रचलनमा रहेको नामका आधारमा स्थानिय तह निर्धारण तथा सिफारिस समितिले साबिकका ओलिगाउ, जुप,बान्नातोली, कुन्तिबण्डाली, जनालीबण्डाली, कालागाउँ, बस्ती र मंगलसेन गा.वि.स.लाई समेटेर मंगलसेन नगरपालिका घोषणा गरेको थियो ।

### १.२.२ क्षेत्रफल,सिमाना तथा धरातलिय स्वरुपः

मंगलसेन नगरपालिका २९°०७'४८" उत्तरी अक्षांस र ८१°०१'३६" वी देशान्तरमा फैलिएको छ। समुन्द्री सतहको न्यूनतम ५४० मिटरको उचाई देखि अधिकतम ३३०० मिटरसम्मको उचाईमा रहेको यस नगरपालिकाको कार्यालय १३६२ मिटरको उचाईमा रहेको छ। मंगलसेन नगरपालीकाको सिमाना पूर्वमा रामारोशन गाउँपालिका र कमलबजार नगरपालिका पश्चिममा डोटी

जिल्लाको बोगटान फूडशिल गाउँपालिका उत्तरमा साँफेबगर नगरपालिका बान्नीगढ़ी जयगढ गाउपालिका र चौरपाटी गाउँपालिका तथा दक्षिणमा कमलबजार नगरपालिका र ढकारी गाउँपालिका रहेको छ ।

### १.२.३ मंगलसेन नगरपालिकाको कार्यालय देखि वडा कार्यालय सम्मको दुरी

| क्र स | वडा कार्यालय | दुरी (कि मि) |
|---|---|---|
| १ | वडा नं १ | ११ |
| २ | वडा नं २ | ८.५ |
| ३ | वडा नं ३ | ३ |
| ४ | वडा नं ४ | ५ |
| ५ | वडा नं ५ | १.५ |
| ६ | वडा नं ६ | १५ |
| ७ | वडा नं ७ | १५ |
| ८ | वडा नं ८ | ७ |
| ९ | वडा नं ९ | ९ |
| १० | वडा नं १० | १३ |
| ११ | वडा नं ११ | १४ |
| १२ | वडा नं १२ | १७ |
| १३ | वडा नं १३ | २६ |
| १४ | वडा नं १४ | २१ |

### १.२.४ राजनीतिक अवस्थिति :

मगलसेन नगरपालिका प्रदेश नं. ७ अन्तर्गत अछाम जिल्लामा अवस्थित रहेको छ । साविकका ८ वटा गाविसहरू मिलेर बनेको यस नगरपालिकामा १४ वटाहरु रहेका छन्। जिल्लामा विद्यमान ४ नगरपालिका र ६ गाउँपालिका गरी १० स्थानीय तहमध्ये जिल्लाको दक्षिण पूर्वी भूभागमा अवस्थित रहेको छ । जिल्ला सदरमुकाममा रहेको यस नगरपालिकाको केन्द्र साविकको मगलसेन गा बि स र हालको वडा नं ५ मा रहेको छ । पूर्ववत रुपमा नेपालको सुदूरपश्चिम विकास क्षेत्रमा

पर्ने सेती अञ्चल रहेको यो नगरपालिका जिल्लाभित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि क्षेत्र नं. २ र प्रदेश सभा निर्वाचन प्रयोजनका लागि प्रदेश नं २ (ख) अन्तर्गत पर्दछ ।

**१.२.५क्षेत्रफल र जनसंख्या_:**

मगलसेन नगरपालिकाको क्षेत्रफल २२०.१४ वर्ग किमि रहेको छ भने मगलसेन नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार कुल ६२२२ घरधुरी रहेको छ र कुल जनसंख्या २६५५७ रहेको छ। यस मध्ये महिलाकव जनसंख्या १४४७५ र पूरुषको जनसंख्या १२०८२ रहेको छ । परिवारको औषत आकार ४.६ रहेको छ । साक्षरता दर ७२.८ % रहेको छ । यहाँका अधिकांस मानिसहरु हिन्दु धर्म मान्छन् र रोजगारिका लागि भारतमा निर्भर रहेका छन् ।यस नगरपालिकामा बोलिने मुख्य भाषाहरुमा अधिकांसले अछामी भाषा र नेपालि भाषा बोल्छन् । यस नगरपालिकामा बाम्हण,क्षेत्रि ,सार्की,ठकुरी,कामी,दमाई,लुहार जातिहरु बस्दछन् ।

तालिका 1. घरपरिवारको संख्या, लिंगको आधारमा जनसंख्या, औसत पारिवारिक आकार, लिंग अनुपात, जनसंख्या घनत्व र वार्षिक जनसंख्या वृद्धि दर,

| वडा नं | जनसंख्या | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| वडा नं १ | १००१ | १२८४ | २२८५ |
| वडा नं २ | २२४ | २२९ | ४५३ |
| वडा नं ३ | १३०० | १५२७ | २८२७ |
| वडा नं ४ | ८७७ | १०८५ | १९६२ |
| वडा नं ५ | २२५७ | २१२७ | ४३८४ |
| वडा नं ६ | ५१४ | ६४८ | ११६२ |
| वडा नं ७ | ६६८ | ८७६ | १५४४ |
| वडा नं ८ | ५३९ | ६४० | ११७९ |
| वडा नं ९ | ५४९ | ७१६ | १२६५ |
| वडा नं १० | ५२४ | ६४५ | ११६९ |
| वडा नं ११ | ४१० | ५५१ | ९६१ |
| वडा नं १२ | १०६८ | १३६९ | २४३७ |

| | | | |
|---|---|---|---|
| वडा नं १३ | १२४२ | १५१३ | २७५५ |
| वडा नं १४ | ९०९ | १२६५ | २१७४ |
| जम्मा | १२०८२ | १४४७५ | २६५५७ |

माटो :

नेपालको झण्डै ७० % जनसख्या कृषि पेशामा आवद्ध छ भने मंगलसेन नगरपालिकाको अधिकांस मानिसहरुन कृषि पेशामा आश्रित छन्। माटो र कृषि पेशा भनेका एक आपसमा अन्तरसम्बन्धीत भाएता पनि यहां माटोको बारेमा कुनै ठोस तथा सूक्ष्म रुपमा अध्ययन अनुसन्धान भएको छैन । नगरपालिका क्षेत्रमा लिइएको नमूना परिक्षणका आधारमा माटोको प्रकार र उर्वरतालाई निम्नानुसार वर्गिकरण गर्न सकिन्छ।

क) पाँगो माटो :

यहाँका नदी बेसीनहरुमा पांगो माटोको प्रचुरता छ। जहाँ पर्याप्त अन्न उत्पादन र तरकारी बालीको सम्भावना छ। नदीहरुले बगाई ल्याएको सडेको पातपतिङ्गर र अन्य कम्पोष्ट जन्य पदार्थलाई छेउछाउका तटवर्ति भागमा निक्षेप गर्दै जाँदा यी भागहरु उब्जाउ योग्य रहेका छन्। तथापी, वर्तमान समयमा रासायनिक मलको व्यापक प्रयोगको कारण यहाँको माटोमा अम्लिए पन बृद्दि भए उत्पाद ह्रासको स्थिति रहेको छ ।

ख) बलौटे माटो :

यो माटो बालुवा,कंकड र ढुंगा मिश्रित माटो हो। यो उब्जाउको दृष्टिकोणले निम्न कोटीको मानिन्छ । विशेषगरी यस नगरपालिकाको दक्षिण पहाडी भागहरुमा यो माटोको बाहुल्यता छ। यस क्षेत्रमा अपेक्षाकृत कम मात्रामा मात्र दलहन र मकै बालीको उत्पादन हुन्छ। यहां सिंचाईको समेत अभाव रहेको छ ।

जलवायु :

समुद्र सतहबाट ५४० मि. को उचाई देखि ३,३०० मि. उचाई भएको मंगलसेन नगरपालिकाको हावापानीका विभिन्न रुपहरु पाइन्छन्। पहाडी तथा उच्च भागहरुमा तापक्रम हिउँदमा सरदर ५ से. रहन्छ,जबकी खोच तथा टारहरुमा हिउँदमा २० से. सरदर तापक्रम रहन्छ। त्यस्तै ग्रिष्मको अवस्थालाई हेदां पहाडी भागमा २५० से. तथा उच्च भागहरुमा २०० से. र खींच तथा टारहरुमा ३०० से. सरदर तापक्रम रहन्छ । त्यस्तै यो नगरपालिका महाभारत पर्वतको सूर्यमूखी ढालमा पर्ने हुँदा वार्षिक सरदर वर्षा १८९१ मि.मि. सम्म रहन्छ । नगरपालिकाका केहि उच्च भू- भागमा हिमपात समेत हुने गर्दछ ।

## १.२.६ नगर कार्यपालिकाको संगठन संरचना




## १.२.७ नगर कार्यपालिका पदाधिकारी तथा सदस्यहरुको विवरण

| क्र.सं. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | श्री पदम बहादुर बोहरा | नगर प्रमुख | मंगलसेन नगरपालिका |
| २ | श्री संगिता कुमारी रावल | नगर उप प्रमुख | मंगलसेन नगरपालिका |
| ३ | श्री लोकराज नाथ | वडा अध्यक्ष | मंगलसेन नगरपालिका -१ |
| ४ | श्री देवेन्द्र बहादुर बोगटी | वडा अध्यक्ष | मंगलसेन नगरपालिका -२ |
| ५ | श्री बिर्ख बहादुर वोगटी | वडा अध्यक्ष | मंगलसेन नगरपालिका -३ |
| ६ | श्री नामसिंह धामी | वडा अध्यक्ष | मंगलसेन नगरपालिका -४ |
| ७ | श्री झंकर प्रसाद भाट | वडा अध्यक्ष | मंगलसेन नगरपालिका -५ |
| ८ | श्री देवेन्द्र प्रसाद भण्डारी | वडा अध्यक्ष | मंगलसेन नगरपालिका -६ |
| ९ | श्री राज वहादुर शाही | वडा अध्यक्ष | मंगलसेन नगरपालिका -७ |
| १० | श्री ज्ञानेन्द्र बहादुर वोहरा | वडा अध्यक्ष | मंगलसेन नगरपालिका -८ |
| ११ | श्री पदम बहादुर वोहरा | वडा अध्यक्ष | मंगलसेन नगरपालिका -९ |

| | | | |
|---|---|---|---|
| १२ | श्री जनक वहादुर कुंवर | वडा अध्यक्ष | मंगलसेन नगरपालिका-१० |
| १३ | श्री नर बहादुर भण्डारी | वडा अध्यक्ष | मंगलसेन नगरपालिका-११ |
| १४ | श्री खगेन्द्र वहादुर रावल | वडा अध्यक्ष | मंगलसेन नगरपालिका-१२ |
| १५ | श्री हिक्मत वहादुर वोगटी | वडा अध्यक्ष | मंगलसेन नगरपालिका-१३ |
| १६ | श्री शिव वहादुर सोडारी | वडा अध्यक्ष | मंगलसेन नगरपालिका-१४ |
| १७ | श्री रेखा रावल | कार्यपालिका सदस्य | मंगलसेन नगरपालिका |
| १८ | श्री कौशिल्ला ठकुल्ला | कार्यपालिका सदस्य | मंगलसेन नगरपालिका |
| १९ | श्री हंश थापा | कार्यपालिका सदस्य | मंगलसेन नगरपालिका |
| २० | श्री भाना विष्ट | कार्यपालिका सदस्य | मंगलसेन नगरपालिका |
| २१ | श्री मनसरा थ्यायत | कार्यपालिका सदस्य | मंगलसेन नगरपालिका |
| २२ | श्री पिरम भुल | कार्यपालिका सदस्य | मंगलसेन नगरपालिका |
| २३ | श्री मुगा परियार | कार्यपालिका सदस्य | मंगलसेन नगरपालिका |
| २४ | श्री गोविन्द्र वि क | कार्यपालिका सदस्य | मंगलसेन नगरपालिका |
| २५ | बिष्णु प्रसाद ढुंगाना | सदस्य सचिव | मंगलसेन नगरपालिका |

### १.२.८ संस्थागत विवरण

वडा कार्यालयहरु=१४ वटा

स्वास्थ्य चौकीहरु=७ वटा

आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु=६ वटा

सहरी स्वा क्लिनिक=४ वटा

### १.३ मंगलसेन नगरपालिकाको आ.व. २०८२।८३ का मुख्य नीति तथा कार्यक्रमहरु

- ✓ स्थानीय खाद्य सुरक्षा र आत्मनिर्भरता सुनिश्चित गर्न स–साना सिंचाइ पुर्वाधार निर्माण/मर्मत, तरकारी, फलफूल, मसलाजन्य बाली उत्पादन कार्यक्रम संघ र प्रदेश सरकारसँग समन्वय गरी अघि बढाइनेछ।
- ✓ महिला कृषक र युवा उद्यमीहरूलाई लक्षित गरी कृषि व्यवसायमा सीप विकास, अनुदान प्रवाह गरिनेछ।
- ✓ कृषि उत्पादन वृद्धी गर्न कृषि प्रसार प्रणालीको अवलम्बन गर्दै उत्पादन, व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरण मार्फत रोजगारीका अवसरको सृजना गर्ने तर्फ जोड दिईनेछ।
- ✓ पशुपंक्षी उत्पादन बृद्धि र रोग नियन्त्रणका लागि कृत्रिम गर्भाधान, व्यापक खोप सप्ताह, र बीउ–दाना बीमा कार्यक्रम संघीय तथा प्रदेश सरकारसँग संयुक्त रूपमा सञ्चालन गरिनेछ।
- ✓ पशु स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेको क्षेत्रका लागि पशु स्वास्थ्य सेवा शिविरहरु सञ्चालन गरीनेछ। प्रत्येक वडामा ट्रेबिज निर्माण गर्ने कार्य लाई निरन्तरता दिईनेछ ।

- ✓ पछाडि पारिएका वर्ग ( महिला, दलित, एकल महिला, द्वन्द पिडित, अपाङ्ग,) हरुका लागि नगर प्रमुख गरीबी निवारण तथा लघु उद्यम कार्यक्रम सञ्चालन गरीनेछ ।
- ✓ सबै खालका व्यापार व्यवसाय उद्योग दर्ता प्रकृयालाई सहज र सरल बनाई बजार अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- ✓ वैदेशिक रोजगारबाट फर्किएका युवालाई उनीहरूको ज्ञान, सीप, विप्रेषण आयलाई पुँजीको रूपमा उपयोग गरी उद्यम व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गरीनेछ।
- ✓ सहकारी र निजी क्षेत्रसँग साझेदारी गरी बजारीकरण र लगानी प्रवर्द्धन गरिनेछ।
- ✓ नगरक्षेत्रमा रहेका विभिन्न विषयका दक्ष, शिपयुक्त र सीप नभएका श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन गरीनेछ। नगरपालिका भित्रको रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलनलाई पूर्णता दिई नियमित रूपमा अध्यावधिक गरीनेछ ।
- ✓ नगरपालिकाबाट गरीने विकास निर्माणका कामहरुमा बेरोजगार सूचीमा रहेका बेरोजगारहरुलाई प्राथमिकताका साथ काममा लगाईनेछ। साथै प्रधानमन्त्री रोजगार कार्यक्रम र नगरपालिकाका कार्यक्रम संग लागत साझेदारी गर्दै लगिनेछ
- ✓ पदमार्ग निर्माण, धार्मिक स्थल र ऐतिहासिक क्षेत्रको संरक्षण संघीय सरकार, प्रदेश सरकार संगको साझेदारीमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ, आन्तरिक पर्यटनलाई विकास संग जोड्दै कृषि तथा हरित पर्यटन प्रवर्धन गरिनेछ ।
- ✓ प्रारम्भिक देखि माध्यमिक तहसम्म सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गरिनेछ।
- ✓ “Education for All” मूल नाराका साथ सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ, विद्युतीय हाजिरी प्रणाली, तथा दिवा खाजा कार्यक्रम पूर्ण रूपमा सञ्चालन गरिनेछ।
- ✓ स्थानीय पाठ्यक्रम विकास गरी भूगोल, संस्कृति र परम्परालाई प्रवर्द्धन गर्ने सामग्री कक्षा १–१० सम्म अनिवार्य रूपमा समावेश गरिनेछ।
- ✓ सवैक्षेत्रका खेलकुदसंग सम्वन्धीत खेलाडीहरुको अभिलेखीकरण गरीनेछ ।जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका प्रतियोगिताहरुमा उत्कृष्ट प्रतिभा प्रस्फुटन गर्ने खेलाडीहरुलाई पुरष्कृत तथा सम्मान गरीनेछ ।
- ✓ जेष्ठ नागरीकहरुको आँखा जाँच, सुगर, रक्तचाप, महिलाहरुको पाठेघरको मुखको क्यान्सरको स्कृनिङ र अन्य स्वास्थ्य सेवामा सबैको पहुच समुदायस्तरमा पुर्याउन विषेशज्ञ सहितको घूम्ती स्वास्थ्य सेवा शिबिर संचालन गरीने छ।

- ✓ सुनौला १००० दिन भित्रका बच्चाहरु र आमाको पोषण अवस्थालाई सुधार गरी बालबालिकाहरुलाई कुपोषणबाट बचाउन पोषण सम्बन्धि विभिन्न स्वास्थ्य शिक्षा मूलक सचेतना कार्यक्रमहरुको आयोजना गरीनेछ ।
- ✓ मृत्यु र शिशु मृत्युदर घटाउन, गर्भवति तथा सुत्केरी महिलाहरु लाई घरबाट पालिका भित्रका नजिकको वर्थिङ सेन्टर सम्म जान र प्रसुती भईसकेपछी घर सम्म फर्किनको लागि निशुल्क एम्वुलेन्स सेवा लाई निरन्तरता दिईनेछ।
- ✓ बालबालिकाहरुको स्वास्थ्य सम्बन्धि अधिकार सुनिश्चित गर्न पूर्णखोप सुनिश्चितता कार्यक्रमलाई प्राथमिकताका साथ निरन्तरता दिईनेछ ।
- ✓ सबै स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीलाई paperless र Digitalization गरीनेछ ।
- ✓ क्षेत्रगत योजनाहरुमा लैङ्गिक समावेशी तथा सामाजिक समावेशीकरण नीतिलाई मूलप्रवाहीकरण गर्दै लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- ✓ विकास योजना निर्माण देखि लाभांश वितरण प्रकृयामा महिला, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिकाहरुको सहभागिता सुनिश्चित गरिनेछ ।
- ✓ महिला सशक्तिकरणका लागि आयआर्जनमुलक सिप विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- ✓ बालबालिका संरक्षण, बालविवाह रोकथाम र बालअधिकारको संरक्षण गरिनेछ।
- ✓ लैङ्गिक हिंसा पीडितहरुका लागि सुरक्षित आवास गृह तथा स्वास्थ्य सेवा प्रवाह गरिनेछ।
- ✓ लक्षित गरिब, दलित, अल्पसंख्यक र अपाङ्गता भएका नागरिकका लागि जीविकोपार्जन, सीप विकास र रोजगारी सिर्जना कार्यक्रम संघीय तथा प्रदेश सरकारसँग समन्वयमा निरन्तरता दिइनेछ।
- ✓ सामाजिक सुरक्षा कोषको प्रभावकारी सञ्चालन गरिनेछ।
- ✓ सामाजिक पञ्जीकरण प्रणालीलाई प्रवर्द्धन गरी सबै नागरिकको सेवा सहज बनाइनेछ।
- ✓ नगरका मुख्य, सहायक तथा ग्रामीण सडकहरू मर्मत, सुधार र स्तरोन्नति गरिनेछ।
- ✓ स-साना खोल्सा तथा खोलाहरुले गर्ने वर्षेनि कटान, पहिरो र अन्य प्रकोपबाट प्रभावित सडक संरचना पुनः निर्माण तथा संरक्षण गरिनेछ।
- ✓ दिगो खानेपानी व्यवस्थापनका लागि मुहान संरक्षण, रिचार्ज पोखरी र ताल संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

- ✓ विकासका साझेदार निकायहरु संगको साझेदारीमा नगरपालिकाको एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ✓ साना सिंचाइ पूर्वाधार निर्माण र मर्मत गरी कृषि उत्पादन वृद्धिमा सहयोग गरिनेछ।
- ✓ स्वच्छता प्रवर्द्धनका लागि सरसफाइ अभियानहरू सञ्चालन गरिनेछ।
- ✓ सामुदायिक सरसफाइ तथा फोहोर व्यवस्थापन प्रणाली सुदृढ गरिनेछ ।
- ✓ दुनाटपरी उत्पादन गर्ने लघु उद्योगलाई प्रोत्साहन गरी यसको उपयोगमा बढवा दिदै प्लाष्टिकजन्य पदार्थको उपयोगलाई निरुत्साहित, नियमन गरी स्वच्छ वातावरण निर्माण गरिनेछ ।
- ✓ सामुदायीक विद्यालय, स्वास्थ्य संस्थाहरुमा सौर्य ऊर्जा र अन्य वैकल्पिक ऊर्जाको प्रवर्द्धन गरिनेछ।
- ✓ टोलस्तरमा विद्युतीय बत्ती विस्तार तथा ऊर्जा बचत सम्बन्धी जनचेतना अभियान सञ्चालन गरिनेछ।
- ✓ महिलाहरुको घरायसी कार्यबोझ तथा वातावरणीय प्रदुषण कम गर्न संघ संस्था संगको साझेदारीमा परम्परागत चूल्होलाई उन्नत चूल्होले विस्थापित गर्दै क्रमश धुँवा मुक्त वडा घोषणा गर्दै लगिनेछ ।
- ✓ ऊर्जा सेवा नपुगेका टोलमा विधुत पहुँच विस्तारका लागि समन्वय गरिनेछ।
- ✓ नगर भू–उपयोग योजना २०७९ को प्रभावकारी कार्यान्वयन गरिनेछ।
- ✓ नगर विकास योजना २०७९।८० –२०८४।८५ का क्षेत्रगत रणनीति अनुसार पूर्वाधार परियोजना तयारी गरिनेछ।
- ✓ मंगलसेन नगर क्षेत्रमा बगैंचा निर्माण, घर बगैचा, फलफूल र आय मूलक हरियाली बृद्धि विकास कार्यक्रम सञ्चालन गरिनेछ ।सामुदायिक वन अभिलेखीकरण गरी सामुदायीक वन उपभोक्ताहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ विपद् व्यवस्थापन तथा आपतकालीन सेवाका लागि नगर विपद् व्यवस्थापन कोष परिचालन गरिनेछ।
- ✓ नगरपालिकाको विनियोजित बजेट तर्फका निर्माण कार्यमा उपभोक्ता समितिको लागत साझेदारी १५ प्रतिशत सुनुश्चित गरिनेछ र स्थानीय प्राविधिक तथा श्रमिकको सहभागिता सुनिश्चित गरिनेछ।
- ✓ सेवा प्रवाहको समय सीमा निर्धारण र नागरिक अनुगमन प्रणाली लागू गरिनेछ।
- ✓ नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन मार्फत आर्थिक पारदर्शिता र वित्तीय अनुशासन कायम गरिनेछ ।

- ✓ वित्तीय व्यवस्थापन र राजस्व परिचालनका लागि राजश्व सुधार योजना मार्फत करका दरहरूलाई समयानुकुल र बैज्ञानिक बनाई करको दायरामा नसमेटिएका व्यापार, व्यवसाय लगायतका क्षेत्रहरुलाई नियमन गरी करको दायरामा ल्याईनेछ।
- ✓ नगर तथा वडा तहका जनप्रतिनिधि एवं कर्मचारीहरूका लागि नियमित तालिम, अभिमुखीकरण र गोष्ठी सञ्चालन गरिनेछ।
- ✓ सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग सुधार गर्न अनुगमन प्रणाली विकासमा जोड दिँदै भ्रष्टाचार, अनियमिता र सेवामा ढिलाइ विरुद्ध निगरानी संयन्त्र क्रियाशील गरिनेछ।

**आ व २०८२।८३ मा कार्यपालिकाको बैठक बसेको मिति र निर्णय संख्या**

| वैठक संख्या/मिति | निर्णय संख्या | कैफियत |
|---|---|---|
| १/२०८२/०४/३० | ११ | |
| २/२०८२/०५/२३ | ९ | |
| ३/२०८२/०५/३१ | ४ | |
| ४/२०८२/०७/१८ | ११ | |
| ५/२०८२/०८/०९ | ८ | |
| ६/२०८२/०९/०१ | ४ | |
| ७/२०८२/०९/१८ | १४ | |
| ८/२०८२/११/२९ | १८ | |
| ९/२०८२/१२/१५ | २ | |
| १०/२०८२/१२/३० | १३ | |
| ११/२०८३/०१/२८ | ७ | |
| १२/२०८३/०२/२६ | ९ | |
| १३/२०८३/०३/०९ | ५ | |
| १४/२०८३/०३/२५ | ७ | |

# परिच्छेद-दुई

# बिषयगत शाखाहरुले सम्पादन गरेका मुख्य कार्यहरु

## २.१ प्रशासन शाखा

### कर्मचारी दरबन्दी विवरण

जम्मा स्वीकृत दरबन्दी — १०४ जना

हाल कार्यरत — ५१ जना (१० जना कार्यालय सहयोगी समेत)

रिक्त दर्बन्दी — ५३ जना

१. नेपाल सरकारले स्वीकृत गरेको दरबन्दी र पदपूर्तिको विवरणः

| क्र.सं. | पद | सेवा/समूह/उपसमूह | तह/श्रेणी | नेपाल सरकार बाट स्वीकृत दरबन्दी संख्या | पदपूर्तिको अवस्था | पदपूर्तिको किसिम | रिक्त संख्या | कामकाजमा खटिई आएको विवरण | | कामकाजमा खटिई गएको विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | अन्यत्र प्रदेशको स्थानीय तहबाट खटिई आएको | प्रदेश भित्रको स्थानीय तहबाट खटिई आएको | अन्य प्रदेशको स्थानीय तहमा गएको | प्रदेश भित्रको स्थानीय तहमा गएको | |
| 1 | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन | १० | १ | १ | ० | ० | ० | ० | ० | ० | |
| 2 | अधिकृत | शिक्षा/प्रशासन | ९।१० | १ | ० | ० | १ | ० | ० | ० | ० | |
| 3 | सि.डि.ई. | ईञ्जिनियरिङ | ९।१० | १ | ० | ० | १ | ० | ० | ० | ० | |
| 4 | अधिकृत | प्रशासन | ७।८ | १ | १ | तहमिलान | ० | ० | ० | ० | ० | |
| 5 | लेखा अधिकृत | प्रशासन/लेखा | ७।८ | १ | १ | तहमिलान | ० | ० | ० | ० | ० | |
| 6 | अधिकृत | शिक्षा/प्रशासन | ७।८ | १ | ० | ० | १ | ० | ० | ० | ० | |
| 7 | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य | ७।८ | १ | ० | ० | १ | ० | ० | ० | ० | |
| 8 | इञ्जिनियर | ईञ्जिनियरिङ | ७।८ | १ | १ | ० | ० | ० | ० | ० | ० | |
| 9 | कृषि अधिकृत | कृषि | ७।८ | १ | ० | ० | १ | ० | ० | ० | ० | |
| 10 | पशुसेवा अधिकृत | कृषि/लापोडेडे | ७।८ | १ | ० | ० | १ | ० | ० | ० | ० | |
| 11 | अधिकृत | प्रशासन | ६ | २ | २ | तहमिलान | ० | ० | ० | ० | ० | |
| 12 | आ.ले.प. अधिकृत | प्रशासन/लेखा | ६ | १ | १ | स्तरवृद्धि | ० | ० | ० | ० | ० | |
| 13 | अधिकृत | स्वास्थ्य/हे.ई. | ६ | ७ | ५ | ० | २ | ० | ० | ० | ० | |
| 14 | अधिकृत | स्वास्थ्य.क.न. | ६ | ० | २ | स्तरवृद्धि | ० | ० | ० | ० | ० | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 15 | प.हे.न. | स्वास्थ्य | ५।६ | १ | १ | समायोजन | ० | ० | ० | ० | ० | |
| 16 | हेल्थ असिस्टेन्ट | स्वास्थ्य | ५।६ | १ | ० | ० | १ | ० | ० | ० | ० | |
| 17 | सहायक | प्रशासन | ५ | ११ | ४ | ० | ७ | १ | ० | १ | १ | |
| 18 | लेखापाल | प्रशासन/ लेखा | ५ | १ | ० | | १ | ० | ० | ० | ० | |
| 19 | सहायक पाँचौं | कृषि | ५ | २ | १ | ० | १ | ० | ० | ० | ० | |
| 20 | सहायक | कृषि/भेट | ५ | १ | १ | समायोजन | ० | ० | ० | ० | ० | |
| 21 | सहायक | कृषि/लापोडेडे | ५ | २ | १ | समायोजन | १ | ० | ० | ० | ० | |
| 22 | प्रा.स. | शिक्षा/प्रशासन | ५ | १ | १ | तहमिलान | ० | ० | १ | ० | १ | |
| 23 | सव-ईञ्जिनियर | ईञ्जिनियरिङ | ५ | ८ | ५ | ० | ३ | ० | १ | ० | २ | |
| 24 | महिला वि. निरिक्षक | विविध | ५ | १ | १ | समायोजन | ० | ० | ० | ० | ० | |
| 25 | सहायक | स्वास्थ्य/ हे.ई. | ५ | ७ | ५ | ० | २ | ० | ० | ० | ० | |
| 26 | सहायक | स्वास्थ्य/ क.न. | ५ | ७ | ६ | ० | १ | ० | ० | ० | ० | |
| 27 | सहायक | कृषि/भेट | ४ | २ | ० | ० | २ | ० | ० | ० | ० | |
| 28 | सहायक | कृषि/लापोडेडे | ४ | २ | ० | | २ | ० | ० | ० | ० | |
| 29 | स.क.अ. | विविध | ४ | १ | १ | समायोजन | ० | ० | ० | ० | ० | |
| 30 | अमिन | ईञ्जिनियरिङ | ४ | १ | १ | ० | ० | ० | ० | ० | ० | |
| 31 | सहायक | प्रशानसन | ४ | १० | ० | 0 | १० | ० | ० | १ | २ | |
| 32 | स.ले.प | प्रशासन/ लेखा | ४ | १ | ० | ० | १ | ० | ० | ० | १ | |
| 33 | सहायक चौथो | कृषि | ४ | १ | ० | ० | १ | ० | ० | ० | ० | |
| 34 | सहायक म.वि.नि. | विविध | ४ | १ | ० | ० | १ | ० | ० | ० | १ | |
| 35 | अ. सव-ईञ्जिनियर | ईञ्जिनियरिङ | ४ | ८ | ० | ० | ८ | ० | ० | ३ | १ | |
| 36 | सहायक | स्वास्थ्य/ हे.ई. | ४ | ७ | १ | ० | ६ | ० | ० | ० | ० | |
| 37 | सहायक | स्वास्थ्य/ क.न. | ४ | ७ | ० | ० | ७ | ० | ० | ० | ० | |
| | **जम्मा** | | | १०४ | ४३ | ० | ६३ | १ | २ | ५ | ९ | |

**कार्यालय सहयोगी स्थायी**

| | | | | | |
|---|---|---|---|---|---|
| | का.स. स्थायी पाँचौं | | | ८ | |
| | का.स. स्थायी तृतिय | | | २ | |

१०

**हाल कार्यरत कर्मचारीहरूको विवरण**

स्थायी कर्मचारी — ५१ जना

करार कर्मचारी — ११७ जना

जम्मा — १६८ जना

अध्ययन बिदामा रहेका — ३ जना

सरूवा भई गएका- ३ जना

सरूवा भई आएका — १ जना

मंगलसेन नगरपालिकामा कार्यरत **स्थायी कर्मचारी** हरुको विवरण: *२०८२ /०८३*

| क्र. सं. | क. सं. नं. | पद/तह | सेवा/ समूह / श्रेणी | नाम थर | प्रकार | स्थायी ठेगाना | फोन नं | सुरु नियुक्ति मिति | हालको पदमा नियुक्ति मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १५६७५१ | उपसचिव | प्रशासन | बिष्णु प्रसाद ढुंगाना | स्थायी | बगनास काली १ पाल्पा | ९८५७०६०९९२ | २०५५।१०।२९ | २०८२।११।१९ |
| २ | २३६२९७ | प्रशासकीय अधिकृत सातौं | प्रशासन | खकेन्द्र बहादुर सोडारी | स्थायी | मंगलसेन न.पा. १४ | 9858429111 | ०९/०६/२०७६ | ०३/२०/२०८२ |
| ३ | २३६६५३ | लेखा अधिकृत सातौं | लेखा | बिष्णुप्रसाद उपाध्याय | स्थायी | पञ्चदेवल बि.न.पा. १ | 9858480200 | ०९/०९/२०७६ | ०३/२०/२०८२ |
| ४ | २३९०३७ | सि.ईञ्जिनियर/ सातौं | सिभिल | खम्म बहादुर के.सी. | स्थायी | म. न.पा. ४ | 9858479900 | १०/१२/२०७६ | ०३/२०/२०८२ |
| ५ | २०५५१० | जनस्वास्थ्य निरिक्षक | स्वास्थ्य | भुमिनन्द ढुंगाना | स्थायी | मंगलसेन न.पा. ५ | 9845290202 | १०/१४/२०७० | १०/१४/२०७५ |
| ६ | २२५८८९ | जनस्वास्थ्य निरिक्षक | स्वास्थ्य | अर्जुन बहादुर बोहरा | स्थायी | मंगलसेन न.पा. ४ | 9840411040 | १०/०३/२०७४ | १०/०३/२०७९ |
| ७ | १४०८८२ | सि.अ.हे.व. छैटौं | स्वास्थ्य | चन्द्र प्रसाद ढुङ्गाना | स्थायी | मंगलसेन न.पा. ५ | 9848609750 | ०७/०४/२०५१ | ०४/०४/२०६४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | १५९९१० | सि.अ.हे.व. छैटौ | स्वा स्थ्य | टेक बहादुर नेगी | स्था यी | मंगलसेन न.पा. ८ | 9865836233 | ०२/०६/२० ५३ | १०/०१/२० ६९ |
| ९ | १६२८०५ | सि.अ.हे.व. छैटौ | स्वा स्थ्य | मान बहादुर सोडारी | स्था यी | मंगलसेन न.पा. १४ | 9848491565 | ०५/१५/२० ५४ | १०/०१/२० ७० |
| १० | १८६९३१ | सि.अ.न.मी. छैटौ | स्वा स्थ्य | ज्ञानु कुमारी माझी | स्था यी | मंगलसेन न.पा. ३ | 9848439803 | ०५/०५/२० ६२ | ०६/०८/२० ७५ |
| ११ | १९३७७८ | म वि अ छैठौं | प्रशास न | मञ्जु महत | स्था यी | म.न.पा. ३ | 9858479400 | १०/१०/२० ६६ | १२/११/२० ७५ |
| १२ | १८१२३९ | सि.अ.न.मी. छैटौ | स्वा स्थ्य | रामेश्वरी रावल | स्था यी | टिकापूर न.पा.१ कैलाली | 9848478394 | ०६/१६/२० ५९ | |
| १३ | | आ.ले.प. अधिकृत/छैटौं | लेखा | शालिमा न सांँउद | स्था यी | मेल्लेख गा.पा. ४ | 9848677777 | ०३/१४/२० ६३ | ०३/२४/२० ८२ |
| १४ | २३६७३७ | प्रशासकीय अधिकृत/छैटौं | प्रशास न | बिष्णुप्र साद जैसी | स्था यी | कमलब जार ४ | 9858485848 | ०९/१३/२० ७६ | ०३/२४/२० ८२ |
| १५ | २३९१५७ | प्रशासकीय अधिकृत/छैटौं | प्रशास न | लाल सिंह खनाल | स्था यी | मंगलसेन न.पा. १३ | 9858483113 | ०९/१३/२० ७६ | ०३/२४/२० ८२ |
| १६ | २३८८६० | शिक्षा अधिकृत/छैटौं | शिक्षा प्रशास न | दिपक बहादुर भण्डारी | स्था यी | मंगलसेन न.पा. ३ | 9848435378 | ११/२१/२० ७६ | ०३/२४/२० ८२ |
| १७ | २१३७७४ | हे.अ. पाँचौं | स्वा स्थ्य | प्रवेश भण्डारी | स्था यी | मंगलसेन न.पा. ३ | 9845359486 | ०९/२३/२० ६२ | |
| १८ | २३९२६७ | सव ई. पाँचौ | सिभि ल | पुनम शाही | स्था यी | पञ्चदेवल बि.न.पा. ५ | 9868958300 | ११/०८/२० ७६ | |
| १९ | १५९८६९ | पशु स्वा. प्रा. पाँचौं | पशुसे वा | नेत्र बहादुर कठायत | स्था यी | मंगलसेन न.पा. ४ | 9858479600 | ०९/१०/२० ५६ | ०३/२४/२० ८२ |
| २० | | सहायक पाँचौं | प्रशास न | नरेश बहादुर कठायत | स्था यी | मंगलसेन न.पा. ४ | 9858480900 | ०८/२३/२० ६४ | ०३/२४/२० ८२ |
| २१ | | सहायक पाँचौं | प्रशास न | दीपक खडका | स्था यी | गौरिगंगा १ कैलाली | 9858483108 | ०९/०१/२० ७२ | ०३/२४/२० ८२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२ | | क. अपरेटर/पाँचौं | प्रशासन | नन्दराज ढुंगाना | स्थायी | मंगलसेन न.पा. ५ | 9858483102 | ०९/०१/२०७२ | ०३/२४/२०८२ |
| २३ | १७२१९४ | सि.अ.हे.व. पाँचौ | स्वास्थ्य | तेज बहादुर साउद | स्थायी | मंगलसेन न.पा. ३ | 9848689552 | ०४/१५/२०४६ | |
| २४ | २३२५१३ | सि.अ.हे.व. पाँचौ | स्वास्थ्य | खेमराज चौधरी | स्थायी | कैलाली | ९८४८५३४१०५ | ०६/२६/२०७५ | |
| २५ | १८५८८८ | सि.अ.न.मी. पाँचौ | स्वास्थ्य | भविता जनाला | स्थायी | मंगलसेन न.पा. १२ | 9862272106 | ०६/१६/२०५९ | |
| २६ | १८७८०४ | सि.अ.न.मी. पाँचौ | स्वास्थ्य | तुला कुमारी शाही | स्थायी | मंगलसेन न.पा. ७ | 9868814763 | ०६/१६/२०५९ | |
| २७ | २०७२६४ | सि.अ.न.मी. पाँचौ | स्वास्थ्य | धनसरा ढुंगाना | स्थायी | मंगलसेन न.पा. ५ | 9868545569 | ११/०८/२०७० | |
| २८ | २११६८८ | सि.अ.न.मी. पाँचौ | स्वास्थ्य | ममता कुमारी बिक | स्थायी | मंगलसेन न.पा. -८ | 9848645828 | ०८/१०/२०७१ | |
| २९ | २१४१७१ | सि.अ.न.मी. पाँचौ | स्वास्थ्य | दुर्गा कुमारी ढुंगाना | स्थायी | मंगलसेन न.पा. ७ | 9865754475 | ०९/२९/२०७२ | |
| ३० | २१४८५० | सि.अ.न.मी. पाँचौ | स्वास्थ्य | रत्ना कुमारी सोडारी | स्थायी | मंगलसेन न.पा. १० | 9865657433 | १०/२८/२०७२ | |
| ३१ | २१६४१४ | सि.अ.हे.व. पाँचौ | स्वास्थ्य | भरत राज जैशी | स्थायी | मंगलसेन न.पा. -८ | 9848460645 | ०७/२२/२०७२ | |
| ३२ | २२८८६५ | सि.अ.हे.व. पाँचौ | स्वास्थ्य | कृष्ण प्रसाद जैशी | स्थायी | मंगलसेन न.पा. ७ | 9868586607 | ११/३०/२०७४ | |
| ३३ | २३०२६७ | सि.अ.हे.व. पाँचौ | स्वास्थ्य | भविसरा थापा | स्थायी | मंगलसेन न.पा.१४ | 9848553280 | ०१/०२/२०७५ | |
| ३४ | २३८२९५ | सहायक पाँचौं | प्रशासन | हिक्मत प्रसाद जैसी | स्थायी | पञ्चदेवल बि.न.पा. ९ | 9858483114 | ०९/२२/२०७६ | ०३/२४/२०८२ |
| ३५ | २३२९१० | पशु सेवा प्रा./पाँचौं | पशुसेवा | दुर्गा प्रसाद जैसी | स्थायी | मंगलसेन न.पा. ७ | 9848586006 | ०६/२४/२०७५ | ०३/२४/२०८२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३६ | २४२३३४ | सव ई. पाँचो | सिभिल | संगिता चलाउने | स्थायी | पञ्चदेवल बिनायक ४ | 9749753313 | १२/१०/२०७६ | ०३/२४/२०८२ |
| ३७ | २४२३३३ | सव ई. पाँचो | सिभिल | झनकराज अधिकारी | स्थायी | कमलबजार–७ | 9848271962 | १२/१०/२०७६ | ०३/२४/२०८२ |
| ३८ | २४२३३० | सव ई. पाँचो | सिभिल | नारायण राज जोशी | स्थायी | मंगलसेन न.पा. ९ | 9866109508 | १२/१०/२०७६ | ०३/२४/२०८२ |
| ३९ | २४३४४६ | सव ई. पाँचो | सिभिल | भरत वोहरा | स्थायी | मंगलसेन न.पा. ५ | 9742389503 | १२/१०/२०७६ | ०३/२४/२०८२ |
| ४० | २४२३२८ | सर्वेक्षक/पाँचौ | सिभिल | कर्ण बहादुर शाही | स्थायी | तिला गा.पा. ५ जुम्ला | 9858483109 | ०१/२८/२०७७ | ०३/२४/२०८२ |
| ४१ | SP२००५०१ | अ.हे.व. चौथो | स्वास्थ्य | पुष्प बोहरा | स्थायी | मंगलसेन न.पा. ९ | | १०/१९/२०८० | |
| ४२ | १४१३४४ | का.स/पाँचौ | प्रशासन | कमल प्रसाद ढुंगाना | स्थायी | मंगलसेन न.पा. ५ | 9769197531 | ०९/०१/२०६६ | |
| ४३ | १५५५८६ | का.स/पाँचौ | प्रशासन | कोषराज ढुंगाना | स्थायी | मंगलसेन न.पा. ५ | 9865750033 | ०६/१५/२०५३ | |
| ४४ | १९५६७३ | का.स/पाँचौ | प्रशासन | टंकप्रसाद ढुंगाना | स्थायी | मंगलसेन न.पा. ५ | 9749960033 | ०६/१५/२०५३ | |
| ४५ | १९९०७३ | का.स.पाँचौ | प्रशासन | मनसरा आउजी | स्थायी | मंगलसेन न.पा. ५ | 9868538964 | ०९/२६/२०५५ | |
| ४६ | ३४५३५३ | का.स/पाँचौ | प्रशासन | टेक राज गिरी | स्थायी | मंगलसेन न.पा. १२ | 9848475437 | ०९/२९/२०५५ | |
| ४७ | १८८५७६ | का.स/पाँचौ | प्रशासन | नृप बहादुर थापा | स्थायी | मंगलसेन न.पा. १३ | 9847150578 | ०९/२८/२०५५ | |
| ४८ | १९८३७९ | का.स/पाँचौ | प्रशासन | एकिन्द्र बहादुर केसी | स्थायी | मंगलसेन न.पा. ४ | 9865750730 | १०/०१/२०५५ | |
| ४९ | १८४०९९ | का.स/पाँचौ | प्रशासन | हिक्मत धामी | स्थायी | मंगलसेन न.पा. ४ | 9868679702 | १०/०२/२०५५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५० | | का.स/तृतिय | प्रशासन | प्रेमप्रसाद ढुंगाना | स्थायी | मंगलसेन न.पा. ६ | 9848602177 | ०९/१६/२०६४ | |
| ५१ | | का.स/तृतिय | प्रशासन | दानसिंह धामी | स्थायी | मंगलसेन न.पा. ५ | 9848435769 | ०५/०८/२०६३ | |

<u>मंगलसेन नगरपालिका कार्यालय अन्तर्गत कारार सेवामा कार्यरत **जम्मा** करार कर्मचारीहरुको विवरण: २०८२/०८३</u>

| क्र.सं. | कर्मचारीको नाम थर | पद/तह | प्रकार/दरबन्दी | नियुक्ति मिति | मो.नं. |
|---|---|---|---|---|---|
| १ | श्री शैलेश्वरी रावल | ज.स्वा. अधिकृत सातौं | करार/संघिय ससर्त कार्यक्रम | ०९/०६/२०८२ | ९७६२८७५८०८ |
| २ | पौरख कुमार वोगटी | सू. प्र. अधिकृत सातौं | करार/संघिय ससर्त कार्यक्रम | ११/०४/२०७४ | ९८६९०९९०५३ |
| ३ | कृष्ण वहादुर सोडारी | रोजगार संयोजक/छैठौं | करार/संघिय ससर्त कार्यक्रम | १२/२२/२०७८ | ९८४८५००५३० |
| **सामाजिक सुरक्षा तथा पञ्जिकरण (एम.आई.एस.)** | | | | | |
| ४ | एकेन्द्र वहादुर वोगटी | MIS Operator /सहायक पाचौं | करार/संघिय ससर्त कार्यक्रम | ०८/०१/२०७६ | 9848602055 |
| ५ | दिल वहादुर केसी | MIS फिल्ड सहायक/चौथो | करार/संघिय ससर्त कार्यक्रम | ०८/०१/२०७६ | 9848435392 |
| **कृषि विकास तर्फ** | | | | | |
| ६ | तपेन्द्र के.सी. | कृषि अधिकृत/छैठौं | करार/संघिय ससर्त कार्यक्रम | २१/०९/20८1 | ९८६८७०१७२८ |
| ७ | तर्क वहादुर भुल | ना.प्रा.स. कृषि/चौथो | करार/संघिय ससर्त कार्यक्रम | १०/१८/२०७३ | ९८४८६०४८७१ |
| ८ | सुरेन्द्र वहादुर रावल | ना.प्रा.स. कृषि/चौथो | नगरपालिका करार/रिक्त दर्बन्दी | ०६/३०/२०७५ | ९८४८५१०४१४ |
| ९ | महादेव ढुंगाना | ना.प्रा.स. कृषि/चौथो | नगरपालिका करार/रिक्त दर्बन्दी | ०६/३०/२०७५ | ९८६५७५०७३० |
| १० | हिरण्डनाथ योगी | ना.प्रा.स. कृषि/चौथो | नगरपालिका करार/रिक्त दर्बन्दी | ०६/३०/२०७५ | ९८६५८५१८६४ |
| ११ | तारा प्रसाद भण्डारी | ना.प्रा.स. कृषि/चौथो | नगरपालिका करार/रिक्त दर्बन्दी | ०६/३०/२०७५ | ९८६८४४९९४८ |
| **पशुसेवा तर्फ** | | | | | |
| १२ | खेमराज खनाल | ना.प.से.प्रा. पशु/चौथो | नगरपालिका करार/रिक्त दर्बन्दी | १२/०१/२०६६ | ९८४८५५२२६६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | मिन वहादुर थापा | ना.प्रा.स. पशु/चौथो | नगरपालिका करार/रिक्त दर्बन्दी | ०७/०४/२०७६ | ९८४८४५६३९४ |
| १४ | रविन्द्र के सि | ना.प.से.प्रा. पशु/चौथो | नगरपालिका करार/रिक्त दर्बन्दी | ०६/३०/२०७५ | ९८६३४४६९१६ |
| **विद्यालय नर्स कार्यक्रम** | | | | | |
| १५ | जमुना खाती | स्टाफ नर्श/पाचौ | करार/संघिय ससर्त कार्यक्रम | ०९/०१/२०७७ | ९८४८४११३५२ |
| १६ | सृष्टी रावल | स्टाफ नर्श/पाचौ | करार/संघिय ससर्त कार्यक्रम | १०/०१/२०७९ | ९८६०८६३४०२ |
| १७ | गीता ढुंगाना | स्टाफ नर्श/पाचौ | करार/संघिय ससर्त कार्यक्रम | ०९/०२/२०८० | ९८६५६११३८७ |
| १८ | शान्ती शाही | स्टाफ नर्श/पाचौ | करार/संघिय ससर्त कार्यक्रम | २०८०/१११५ | ९८६८११७९८७ |
| १९ | सुजिता भण्डारी | स्टाफ नर्श/पाचौ | करार/संघिय ससर्त कार्यक्रम | ०५/०२/२०८१ | ९७६६५८५१७२ |
| २० | मेनुका भाट | स्टाफ नर्श/पाचौ | करार/संघिय ससर्त कार्यक्रम | ०५/२२/२०८२ | |
| २१ | कविता कुमारी बयक | स्टाफ नर्श/पाचौ | करार/संघिय ससर्त कार्यक्रम | ०९/०६/२०८२ | ९७६४६०९८३९ |
| **सुरक्षित आप्रवासन (सामी) कार्यक्रम** | | | | | |
| २२ | सुजाता लामा | पाँचौ | करार/सामी कार्यक्रम संघिय ससर्त | ०९/०१/२०८१ | ९८६८५३१५७० |
| २३ | रमिता ढुंगाना | मनो.परामर्शकर्ता | करार/सामी कार्यक्रम संघिय ससर्त | ०९/०२/२०८१ | ९८६८५४५८८२ |
| २४ | रतन कुमार आउजी | रिटर्नी स्वंसेववक | ज्यालादारी नगर साझेदारी/सामी कार्यक्रम | ०८/२४/२०८१ | ९७६७९४८४९५ |
| **लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना (सेफ हाउस) - कार्यक्रम** | | | | | |
| २५ | जैसरा बोहरा | सेफ हाउस ईञ्चार्ज | करार/साथी संस्था साझेदारी कार्यक्रम | ०५/०२/२०८१ | ९८४८५२४९७० |
| २६ | ललिता रावल | मनो. परामर्शकर्ता | करार/साथी संस्था साझेदारी कार्यक्रम | ०७/११/२०८१ | ९८६५७४२४८४ |
| २७ | चन्द्रा बोगटी | सेफ हाउस | करार/साथी संस्था साझेदारी कार्यक्रम | ०५/०१/२०८१ | ९८६८५३८२५७ |
| **कार्यालय करार सिभिल** | | | | | |
| २८ | हिरण्ड बहादुर बोगटी | अ.स.ई/चौथो | करार/न.पा. रिक्त दरबन्दी | ०२/०१/२०६४ | ९८६८४४८६८२ |
| २९ | आनन्द साउद | अ.स.ई/चौथो | करार/नगरपालिका,मासिक ज्यालादारी | ०८/२०/२०७९ | ९८६८५६०६६३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | अनिल सोडारी | अ.स.ई/चौथो | करार/नगरपालिका,मासिक ज्यालादारी | ०१/०४/२०८१ | ९७६५९१२२२१ |
| बहुक्षेत्रीय पोषण | | | | | |
| ३१ | सिद्धराज ढुंगाना | स्वंय सेवक/चौथो | करार/संघिय ससर्त कार्यक्रम | ०९/०१/२०७५ | ९८४८५५०५४५ |
| गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम (मेड्पा) -कार्यक्रम | | | | | |
| ३२ | शान्ती खड्का | सहजकर्ता/चौथो | करार/संघिय ससर्त कार्यक्रम | ०८/०१/२०७७ | ९८६६२३८९४९ |
| ३३ | राम वहादुर वुढा | सहजकर्ता/चौथो | करार/संघिय ससर्त कार्यक्रम | ०८/०१/२०७७ | ९८६४६०६५१६ |
| गरिबसंग विश्वेश्वर कार्यक्रम | | | | | |
| ३४ | भगवति नेगी | सा. परिचालक/चौथो | करार/संघिय ससर्त कार्यक्रम | ११/०१/२०७४ | ९८६४३०७९५२ |
| ३५ | मैसरा साउद थापा | सा. परिचालक/चौथो | करार/संघिय ससर्त कार्यक्रम | ०९/२१/२०८१ | ९८६१८४२०८० |
| कार्यालय करार तर्फ स.क.अ. र अन्य | | | | | |
| ३६ | होम वहादुर साउँद | कम्प्युटर अपरेटर | करार/न.पा. रिक्त दरबन्दी | ०८/०१/२०७६ | 9848552030 |
| ३७ | डण्डी प्रसाद ढुंगाना | स.क.अ./चौथो | करार/न.पा. रिक्त दरबन्दी | ०३/०१/२०६२ | ९८४८६२१३२८ |
| ३८ | जितमान वोहरा | स.क.अ./चौथो | करार/न.पा. रिक्त दरबन्दी | ०९/०८/२०७१ | ९८४८५५४२२७ |
| ३९ | सत्य ठकुल्ला बोहरा | स.क.अ./चौथो | करार/न.पा. रिक्त दरबन्दी | ०६/०१/२०६२ | ९८४८५८६०९३ |
| ४० | जगत शाही | स.क.अ./चौथो | करार/न.पा. रिक्त दरबन्दी | ११/१५/२०८० | ९८४२२५०७३९ |
| कार्यालय करार आखा उपचार केन्द्र | | | | | |
| ४१ | अन्जना कुमारी सिंह शाह | अ.न.मी. चौथो | करार/गेटा आखा अस्पताल साझेदारी | | ९८४२५८८३१४ |
| ४२ | गंगा कुमारी राना | फिल्ड सहायक/चौथो | करार/गेटा आखा अस्पताल साझेदारी | ०२/०२/२०७८ | ९८६५६४१९५९ |
| कार्यालय करार स्वास्थ्य | | | | | |
| ४३ | ईन्दु केसी | अ.न.मी. चौथो | करार/मातृ नवजात शिशु कार्यक्रम | १२/०६/२०६७ | ९८४८४४८६६२ |
| ४४ | रेवती कुमारी साउद | अ.न.मी. चौथो | करार/मातृ नवजात शिशु कार्यक्रम | ०७/०७/२०७७ | ९८६८४१४७९० |
| ४५ | ममता कुमारी धामी | अ.न.मी. चौथो | करार/मातृ नवजात शिशु कार्यक्रम | ०१/१०/२०७५ | ९८४७५७९०८१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४६ | डिम्पल रावल | अ.न.मी. चौथो | करार/संघिय ससर्त | १२/०१/२०७६ | ९८४८६८९५५५ |
| ४७ | सिमा भट्टराई | अ.न.मी. चौथो | करार/संघिय ससर्त | ०१/०२/२०७६ | ९८६८४७४८८७ |
| ४८ | अमृता कुमारी परियार | अ.न.मी. चौथो | करार/संघिय ससर्त | ०२/०४/२०७८ | ९८६५६६९४६६ |
| ४९ | भुवन रेग्मी | अहेव चौथो | करार/संघिय ससर्त | ०६/०९/२०७९ | ९८४८५०१०४२ |
| ५० | तेजराज नाथ | अहेव चौथो | करार/संघिय ससर्त | ०६/०९/२०७९ | ९८४८४१०५१४ |
| ५१ | रमेश कुमार बिक | अहेव चौथो | करार/संघिय ससर्त | ०६/०९/२०७९ | ९८४६८७१४५३ |
| ५२ | निर्मला कुमारी ढुंगाना | अहेव चौथो | करार/संघिय ससर्त | ०६/०९/२०७९ | ९८६२४५२६११ |
| ५३ | धना कुमारी बुढा | अ.न.मी. चौथो | करार/संघिय ससर्त | ०६/०९/२०७९ | ९८६९८७०१३७ |
| ५४ | मिलन सोडारी | अ.न.मी. चौथो | करार/संघिय ससर्त | ०५/०२/२०७९ | ९८६११२९०७२ |
| ५५ | पदम बहादुर सोडारी | अ.हे.व. चौथो | करार/संघिय ससर्त | ०५/०१/२०७७ | ९८४८६७७७८४ |
| ५६ | लक्ष्मी बिष्ट | अ.न.मी. चौथो | करार/न.पा. रिक्त दरबन्दी | ०६/२१/२०७७ | ९८६०१३०३५५ |
| ५७ | मिना कुमारी रावल | अ.न.मी. चौथो | करार/न.पा. रिक्त दरबन्दी | ११/१८/२०७२ | ९८४८६३८४१९ |
| ५८ | अनिता भण्डारी | अ.न.मी. चौथो | करार/न.पा. रिक्त दरबन्दी | १२/०१/२०७३ | ९८४८५८६३९५ |
| ५९ | हिमशिला जोशी ढुंगाना | अ.न.मी. चौथो | करार/न.पा. रिक्त दरबन्दी | ०१/२५/२०७६ | ९८४८६५०६८५ |
| ६० | दिलमाया थापा | अ.न.मी. चौथो | करार/न.पा. रिक्त दरबन्दी | ०५/०१/२०७७ | ९८६५६७०७५० |
| ६१ | बसन्ती कुमारी बिष्ट | अ.न.मी. चौथो | करार/न.पा. रिक्त दरबन्दी | ०१/०१/२०७८ | ९८४३४६२२७० |
| ६२ | लाल सिंह धामी | अ.हे.व. चौथो | करार/न.पा. रिक्त दरबन्दी | ०१/१५/२०७७ | ९८६४९७५२५४ |
| ६३ | डम्बर बहादुर थापा | अ.हे.व. चौथो | करार/न.पा. रिक्त दरबन्दी | ०५/०५/२०७७ | ९८६५७४७०८९ |
| ६४ | हरी प्रसाद ढुंगाना | अ.हे.व. चौथो | करार/न.पा. रिक्त दरबन्दी | ०१/०१/२०७८ | ९८६२३७१७९६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६५ | रजना वड | अ.हे.व. चौथो | करार/न.पा. रिक्त दरबन्दी | ०१/०१/२०७८ | ९८६५८७१५१५ |
| ६६ | गणेश बहादुर सोडारी | ल्या.अ.चौथो | करार/न.पा. रिक्त दरबन्दी | ११/०१/२०७० | ९८४८४६०७४५ |
| ६७ | यकेन्द्र भाट | ल्या.अ.चौथो | करार/न.पा. रिक्त दरबन्दी | ०३/१९/२०७९ | ९८६५६२६६३९ |
| **कार्यालय करार सवारी चालक** | | | | | |
| ६८ | हिक्मत बहादुर शाही | हेभी स.चा. | कार्यालय/करार | ०४/०१/२०७६ | ९८४८०३२०४१ |
| ६९ | जगत बहादुर बोगटी | हेभी स.चा. | कार्यालय/करार | ०८/१५/२०७९ | ९८४८६२१७१८ |
| ७० | नरध्वज भाट | हलुका स.चा. | कार्यालय/करार | ११/०२/२०७१ | ९८४८६१७२५१ |
| ७१ | धर्मेन्द्र स्वार | हलुका स.चा. | कार्यालय/करार | ११/०१/२०७४ | ९८६८८५६३४५ |
| ७२ | राजेश भाट | हलुका स.चा. | कार्यालय/करार | ०१/०२/२०७५ | ९८४८४१०६२१ |
| ७३ | रुपक प्रसाद भाट | हेभी सवारी हेल्पर | कार्यालय/करार | १०/०२/२०७३ | ९८६८५४५९५३ |
| **कार्यालय करार (कार्यालय सहयोगी नगरपालिका र वडा)** | | | | | |
| ७४ | रामबहादुर रावल | का.स. | करार/१० नं. वडा | ०५/०७/२०७४ | ९८६५६५४५१९ |
| ७५ | शम्शेर बोहरा | का.स. | करार/९ नं. वडा | ०५/२१/२०६३ | ९८४०६२०३७६ |
| ७६ | विर्ख बहादुर खत्री | का.स. | कार्यालय/करार | ०४/०१/२०७१ | ९८४८६१७१८४ |
| ७७ | रामबहादुर खत्री | का.स. | कार्यालय/करार | ११/०१/२०७१ | ९८४८६९३३३७ |
| ७८ | धनी राम खत्री | का.स. | कार्यालय/करार | ०४/०१/२०७२ | ९८६१७६७४२४ |
| ७९ | कृष्ण बहादुर धामी | का.स. | करार/१३ नं. वडा | ०१/०१/२०६३ | ९८६६९०५०२८ |
| ८० | जनक चन्द | का.स. | करार/१२ नं. वडा | २०६३/०२/३२ | ९८४७११९३८४ |
| ८१ | नृप बहादुर सोडारी | का.स. | करार/१४ नं. वडा | ०९/१५/२०६३ | ९८४८६१३३३५ |
| ८२ | देवेन्द्र बहादुर खत्री | का.स. | करार/६ नं. वडा | ०४/०१/२०७४ | ९८४८५२४७४३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८३ | पुरन साउद | का.स. | करार/३ नं. वडा | ०८/०५/२०७६ | ९८६८५५९५२३ |
| ८४ | अशोक वहादुर रावल | का.स. | करार/११ नं. वडा | ०६/०१/२०७४ | ९८६८५४५५७६ |
| ८५ | कमल के सी | का.स. | करार/५ नं. वडा | ०२/०२/२०७७ | ९८६०७९४००१ |
| ८६ | सम्झना नाथ | का.स. | करार/१ नं. वडा | ०६/०१/२०८० | ९८६७५९२८१६ |
| ८७ | सेते कामी | का.स. | कार्यालय/करार | ०१/०१/२०७८ | ९८६५९३७९२१ |
| ८८ | गौरि ढुंगाना | का.स. | करार/७ नं. वडा | ०८/०१/२०७८ | ९८४८४२९६५८ |
| ८९ | दिपक बिक | का.स. | करार/२ नं. वडा | ०९/०१/२०७८ | ९८६९३१०२३६ |
| ९० | गफ्फु कठायत | भान्छे | ज्यालादारी/नगरपालिका | ०५/०१/२०७९ | ९८४८६४५९१८ |
| **कार्यालय करार (सरसफाई कर्मचारी)** | | | | | |
| ९१ | तपेन्द्र परियार | सरसफाई कर्मचारी | कार्यालय/करार | ०९/०७/२०७८ | ९८६८५४४०६५ |
| ९२ | मन्सरा दमाई | सरसफाई कर्मचारी | कार्यालय/करार | ०९/१५/२०७७ | ९८४८६४९२४९ |
| ९३ | जानकी खत्री | सरसफाई कर्मचारी | कार्यालय/करार | १२/०१/२०७७ | ९८४८६१७१८४ |
| ९४ | ठम्मरा कुमारी बिक | सरसफाई कर्मचारी | कार्यालय/करार | १०/०१/२०८० | ९८४८४२९५०२ |
| ९५ | भीम बहादुर बोहरा | सरसफाई कर्मचारी | कार्यालय/करार | १०/०२/२०८० | ९८६८५४४०६५ |
| **कार्यालय सहयोगी स्वास्थ्य संस्था** | | | | | |
| ९६ | भगवती लोहार | का.स. स्वास्थ्य | कार्यालय/करार- बान्नातोली स्वा.चौ. | १०/१८/२०७१ | ९८६८४८६२८५ |
| ९७ | गंगा देवी रावल | का.स. स्वास्थ्य | कार्यालय/करार - वलिगाउँ स्वा.चौं. | १२/२५/२०६९ | ९८६५८७१५१५ |
| ९८ | मेलिना कुमारी थापा | का.स. स्वास्थ्य | कार्यालय/करार- कुन्ती स्वा.चौ. | ०१/०२/२०७५ | ९८६५७५०६०६ |
| ९९ | भक्त सिं धामी | का.स. स्वास्थ्य | कार्यालय/करार- बाँडा सहरी | ०१/१०/२०७५ | ९८६५७९३८९७ |
| १०० | खगेन्द्र बहादुर कडायत | का.स. स्वास्थ्य | कार्यालय/करार-जुपु आधारभूत | ०५/०८/२०७७ | ९८४८५९८८७८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०१ | नरेश बोगटी | का.स. स्वास्थ्य | कार्यालय/करार- देउमाडु आधारभूत | ०४/०६/२०७७ | ९८४८६४६७०१ |
| १०२ | केशव बहादुर बोहरा | का.स. स्वास्थ्य | कार्यालय/करार- सुतुडा आधारभूत | ०६/०१/२०७७ | ९७४२४१५३३८ |
| १०३ | बिर्ख बहादुर बोगटी | का.स. स्वास्थ्य | कार्यालय/करार- मिस्तुरू आधारभूत | १०/०१/२०७७ | ९८६६३९१२१९ |
| १०४ | अमृता देवी भण्डारी | का.स. स्वास्थ्य | कार्यालय/करार- भन्थान आधारभूत | | ९८६८८७४७४७ |
| १०५ | चन्द्रा देवी भण्डारी | का.स. स्वास्थ्य | कार्यालय/करार- छापडाँडा आधारभूत | ०४/०१/२०८१ | ९८६८४४१३१६ |
| १०६ | हिमा टमट्टा | का.स. स्वास्थ्य | कार्यालय/करार- नवबिस आधारभूत | ०८/१५/२०७८ | ९८६८७२५४७० |
| १०७ | शंकर भण्डारी | का.स. स्वास्थ्य | ज्यालादारी- ठुलासैन सहरी | १०/०१/२०८१ | ९८४८४५५७१३ |
| **स्वीपर वर्थङ सेन्टर** | | | | | |
| १०८ | कमला देवी बिष्ट | स्वीपर | कार्यालय करार - ओलिगाउँ बर्थिङ से. | ०८/०१/२०७४ | ९८६५८८४९९५ |
| १०९ | कमला देवी रावल | स्वीपर | कार्यालय करार - जुपु बर्थिङ से. | ०३/०१/२०७५ | ९८४८९०४४३३ |
| ११० | जमुना दमाई | स्वीपर | कार्यालय करार - जनाली बर्थिङ से. | ०३/१०/२०७५ | ९८४७५४३४९२ |
| १११ | विष्णा कुमारी थापा | स्वीपर | कार्यालय करार - बस्ती बर्थिङ से. | ०८/१३/२०७१ | ९८६६४३७९३४ |
| ११२ | सुनिता तिरुवा | स्वीपर | कार्यालय करार - कालागाउँ बर्थिङ से. | ०४/०१/२०६९ | ९८६५६३९५१८ |
| ११३ | दिक्षा कुमारी साउद थापा | स्वीपर | कार्यालय करार -कुन्ती बर्थिङ से. | ०४/०१/२०७७ | ९८६२७१८५१७ |
| ११४ | शुस्मिता भाट | स्वीपर | कार्यालय करार - बान्नातोली बर्थिङ से. | १०/०१/२०७७ | ९८६८४८६२८९ |
| ११५ | मनिषा सेठी | स्वीपर | कार्यालय करार - बाँडा बर्थिङ से. | ०७/०१/२०७९ | ९८६४६२१९१० |
| **ज्यालादारी अन्य** | | | | | |
| ११६ | श्री काले दमाई | सरसफाई कर्मचारी | ज्यालादारी - सार्वजनिक शौचालय | ०१/१५/२०८२ | |
| ११७ | श्री ज्ञानेन्द्र ढुंगाना | पुजारी | ज्यालादारी -षोडशादेवी मन्दिर | ०४/०१/२०८२ | |

## आर्थिक वर्ष २०८२/०८३ का प्रमुख उपलब्धिहरू

क्षमता विकास तथा संस्थागत सुदृढीकरण

- ✓ कर्मचारी तथा जनप्रतिनिधिहरूका लागि सुर्खेतमा २ दिने क्षमता विकास तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।
- ✓ आर्थिक वर्षभर ३ दिनदेखि ३५ दिनसम्म सञ्चालन भएका विभिन्न तालिमहरूमा २ जना कर्मचारी सहभागी भएका।
- ✓ वडा कार्यालय र स्वास्थ्य संस्थामा स्थलगत रूपमा गई ई-हाजिरी प्रणाली व्यवस्थापन र प्रशासनिक कार्यमा सहजिकरण गरिएको।

कर्मचारी व्यवस्थापन

- ➢ आवश्यकता अनुसार नियमित रूपमा कर्मचारी परिचालन तथा व्यवस्थापन गरिएको।
- ➢ कर्मचारी व्यवस्थापनलाई व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाइएको।

सूचना प्रविधिमा आधारित प्रशासन

- ✓ नगरपालिका, सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा ई–हाजिरी प्रणाली सञ्चालन तथा व्यवस्थापन गरिएको।
- ✓ कर्मचारी व्यवस्थापन सफ्टवेयरमार्फत कर्मचारी विवरण, विदा अभिलेख तथा दैनिक भ्रमण भत्ता सम्बन्धी विवरण अनलाइन प्रणालीबाट सञ्चालन गरिएको।
- ✓ कर्मचारीसम्बन्धी विवरण सहज रूपमा खोजी तथा अभिलेखीकरण गर्न सकिने व्यवस्था गरिएको।

डिजिटल अभिलेख व्यवस्थापन

- ➢ आर्थिक वर्ष २०८२/०८३ मा पनि अनलाइन प्रणाली मार्फत भ्रमण आदेश जारी तथा अभिलेखिकरण गरिएको।
- ➢ एकीकृत डिजिटल डाटा तथा घर अभिलेखीकरण व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइएको।
- ➢ अनलाइन दर्ता–चलानी प्रणाली व्यवस्थापन तथा सञ्चालन गरिएको।
- ➢ संस्थागत सुशासन
- ➢ आन्तरिक नियन्त्रण प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइएको।
- ➢ नगर सभाको २ वटा अधिवेशन अन्तर्गत ५ वटा बैठक सम्पन्न भएका।
- ➢ आर्थिक वर्षभर १४ वटा कार्यपालिका बैठक सफलतापूर्वक सम्पन्न भएका।
- ➢ आ.व. २०८१/०८२ को महालेखा परीक्षकको प्रतिवेदन अनुसार बेरुजु १.५३ % कायम रहेको।

कानून/कार्यविधि निर्माण

- ➢ नगरसभा र कार्यपालिका मार्फत निर्माण भएका सम्पूर्ण ऐन, कानून तथा कार्यविधिहरू नियमित राजपत्रमा प्रकाशन गरी सार्वजनिक गरिएको।
- ➢ वर्ष २०८२ मा जम्मा ९ वटा ऐन, कानून तथा कार्यविधि निर्माण तथा संशोधन भएका।

## २.२ आर्थिक प्रशासन शाखा

| मंगलसेन नगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को एकीकृत आर्थिक विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आय | | | | व्यय | | | |
| सि.नं. | विवरण | रकम | जम्मा | | विवरण | रकम | जम्मा |
| 1 | गतको अल्या | | 55081614.89 | 1 | चालु खर्च | | **415406068.18** |
| 1.1 | संचित कोष खाता | 39329365.80 | | 1.1 | संघिय राजस्व वाडफाड | 72405717.76 | |
| 1.2 | धरौटी खाता | 6134210.2 | | 1.2 | राजश्व बाँडफाँड प्रदेश | 3695795.24 | |
| 1.3 | विविध खर्च खाता | 1447742.69 | | 1.3 | आन्तरिक क्षोत | 29340606.43 | |
| 1.4 | प्रकोप व्यवस्थापन खाता | 814215 | | 1.4 | प्रदेश सर्शत अनुदान | 2320000 | |
| 1.5 | विविध कोषखाता | 7356081.2 | | 1.5 | संघिय सर्शत अनुदान | 274516534.09 | |
| 1.6 | विभाज्य कोष | | | 1.6 | संघीय समानिकरण अनुदान | 32208069.66 | |
| | | | | 1.7 | प्रदेश समानीकरण अनुदान | 919345 | |
| 2 | सञ्चितकोष खाताको जम्मा | | 554966857.29 | 2 | पुँजिगत खर्च | **0** | **92616146.13** |
| 2.1 | संघिय राजस्व बाँडफाँड | ९७७७८९३२.४८ | | 2.1 | आन्तरिक क्षोत | 11134150.03 | |
| 2.2 | प्रदेश राजस्व बाँडफाँड | ६९९८२५६.५६ | | 2.2 | राजस्व वाडफाड-संघ | 200000 | |
| 2.3 | आन्तरिक स्रोत (राजस्व) | 11901163.25 | | | प्रदेश राजस्व बाँडफाँड | 74425 | |
| 2.4 | उपभोक्ता समिति लागत साहभागी | | | 3 | संघीय सरकार वित्तीय हस्तान्तरण | 0 | |
| 2.5 | संघीय वित्तीय समानिकरण | 97577150 | | 3.1 | समानिकरण अनुदान | 51476827.55 | |
| 2.6 | संघीय शर्शत अनुदान चालु | 304525000 | | 3.2 | सर्शत अनुदान | 2353251 | |
| | संघीय शर्शत अनुदान पूजिगत | 3100000 | | 3.3 | विशेष अनुदान | 3900000 | |
| 2.7 | संघिय समपुरक अनुदान | 10400000 | | 3.4 | समपुरक अनुदान | 10400000 | |
| 2.8 | संघिय विशेष अनुदान | 3900000 | | 4 | प्रदेश वित्तीय हस्तान्तरण | 0 | |
| 2.9 | प्रदेश समानिकरण अनुदान | 9024286 | | 4.1 | समानिकरण अनुदान | 5635424.27 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 2.10 | प्रदेश ससर्त अनुदान चालु | 2320000 | | 4.2 | शसर्त अनुदान | 3999999.28 | |
| 2.11 | प्रदेश शर्शत अनुदान पूजीगत | 4000000 | | 4.3 | विशेष अनुदान | 2722069 | |
| 2.12 | प्रदेश समपुरक अनुदान | 720000 | | 4.4 | समपुरक अनुदान | 720000 | |
| 2.13 | प्रदेश विशेष अनुदान | 2722069 | | 5 | कार्यसंचालन कोष खाताहरु | 0 | 5901775.32 |
| 3 | कार्यसंचालन कोष | | 5365275.41 | 3.1 | सेफ हाउस अनुदान प्राप्त(साथि संस्था) | 1212081 | |
| 3.1 | सेफ हाउस अनुदान प्राप्त(साथि संस्था) | 1212081 | | 3.2 | सडक बोर्ड( विविध खर्च खाता) | 1326498 | |
| 3.2 | सडक बोर्ड( विविध खर्च खाता) | 1326498 | | 3.3 | विविध खर्च खाता अन्य खर्च | 1287304.91 | |
| 3.3 | मानसिक परामर्स केन्द्रबाट प्राप्त | 1985891.41 | | 3.3 | मानसिक परामर्स केन्द्रबाट प्राप्त | 1985891.41 | |
| ३.४ | PLGSP | 457000 | | ३.४ | नेपाल इन्भेष्टमेन्ट बैंक | 90000 | |
| ३.५ | सामाजिक विकास कार्यालयबाट प्राप्त रकम | 293805 | | 6 | अन्तरसरकारी अख्तियारी | 0 | 147897671 |
| ३.६ | नेपाल इन्भेष्टमेन्ट बैंक | 90000 | | 6.1 | सामाजिक सुरक्षा संरक्षण | 147439246 | |
| | | | | 6.2 | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिव लक्षित विशेष कार्यक | 458425 | |
| ४. | प्रकोषकोष आम्दानी | 0 | | ७ | प्रकोष कोष खाताको खर्च | 452783 | 452783 |
| 4 | विविध कोषखाता(कल्याण कोष) | 1500000 | 1500000 | ८ | को.ले.नि.का.फिर्ता रकम ( संघ) | 30755214.91 | 30755214.91 |
| 5 | धरौटी खाताको आम्दानी | 1368415 | 1368415 | | को.ले.नि.का.फिर्ता रकम( प्रदेश) | 0.72 | 0.72 |
| 6 | अन्तरसरकारी अख्तियारी | | 147897671 | ९ | धरौटी खाताको खर्च | 2698058.71 | 2698058.71 |
| 6.1 | सामाजिक सुरक्षा संरक्षण | 147439246 | | १० | वैंक मौज्दात | 0 | 69125617.62 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 6.2 | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिव लक्षित विशेष कार्यक | 458425 | | १०.१ | संचीत कोष खाता | 54192295.15 | |
| | | | | १०.२ | प्रकोप व्यवस्थापनको खाता | 361432 | |
| | 0.00 | | | १०.३ | धरौटी खाता | 4804566.49 | |
| | | | | १०.४ | विविध कोष खाता | 8856081.2 | |
| | | | | १०.५ | विविध खर्च खाता | 911242.78 | |
| | जम्मा | 764853335.59 | 764679833.59 | | जम्मा | 764853335.59 | 764853335.59 |

## २.३ राजस्व शाखा

स्थानिय तहले संघिय सरकार प्रदेश सरकारबाट राजश्व बाँडफाँड वित्तिय समानिकरण, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान प्राप्त गर्दछ । राजश्व संकलनमा मुख्यतया कर राजश्व र गैरकर राजश्व पर्दछन । कर संकलन गर्दा स्थानिय तहले सबै प्रकारको कर लिन सक्दैन । नेपालको संविधानको अनुसुचि ८ मा उल्लेखित एकल अधिकारको विषयमा मात्र स्थानिय तहले कानुन बनाई कर संकलनको अधिकार रहेको छ । अधिकार क्षेत्र भित्र स्रोतको पहिचान गरि प्रगितिशिल करको सिदान्त अनुसार राजश्वको असुली गर्ने काममा केहि कठिनाई भएता पनि कर संकलन कार्यलाई चुस्तदुरुस्त गरि आत्मानिर्भर नगरपालिकाको निर्माण गर्नु जरुरी छ ।करको आधारविन्दु स्थानिय तह भएकोले कर संकलनमा उपलब्धि भन्दा पनि नजिकको सरकारले करको विषयमा सुसूचित गर्ने र आम नागरिकलाई कर तिर्ने बानी बसाल्नु नै अहिलेको उपलब्धिको रुपमा हुने देखिन्छ ।

आन्तरिक राजश्व प्रक्षेपण तथा असुली विवरण

आ.व. २०८०/८१ र २०८१/८२

| क्र.स. | राजश्व शिर्षक विवरण | आ.व.२०८०/८१ | | आ.व.२०८१/८२ | | असुली % |
|---|---|---|---|---|---|---|
| | | प्रक्षेपण | असुली | प्रक्षेपण | असुली | |
| १ | सम्पती कर | १६५०००० | १३१८४७४ | १३००००० | १२०९५३६ | ९३.०४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | भुमिकर मालपोत | | ३५७६६० | | ६५८९३८.४० | १०० |
| ३ | बहालकर | ७५०००० | १३००५०० | ७५०००० | १३१७३४४.३२ | १७५.६५ |
| ४ | पुर्वाधार सेवाको उपभोगमा लाग्ने कर | | | | १५०० | १०० |
| ५ | व्यवसायले भुक्तानी गर्ने | | | | १५०० | १०० |
| ६ | कृषि तथा पशुपन्छी वस्तुको व्यबसायिक कारोबारमा लाग्ने कर | | | | ५०० | १०० |
| ७ | अन्य कर | | | | २८२०१ | १०० |
| ८ | व्यापारिक निकायबाट प्राप्त लाभाशं | | | | १००० | १०० |
| ९ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३५००००० | ५१६९०० | २४००००० | ३८२४८७६.५ | १५९.३७ |
| १० | विद्युत सेवा शुल्क | | | | १५० | १०० |
| ११ | अन्य सेवा शुल्क तथा बिक्री | | | | २१४१५० | १०० |
| १२ | न्यायिक दस्तुर | | | | २०० | १०० |
| १३ | परिक्षा शुल्क | ५०००० | ४५००० | ५५००० | २७००० | ४९.०९ |
| १४ | यातायात क्षेत्रको आम्दानी | | | | ५०० | १०० |
| १५ | अन्य प्रशासनिक सेवा शुल्क | | | | ३२१०० | १०० |
| १६ | नक्सापास दस्तुर | ५५००० | ५०००० | ५५०००० | ६८०५८.२५ | १२.३७ |
| १७ | सिफारिस दस्तुर | ७००००० | १४३५०५० | ७००००० | १०२१४४२ | १४५.९२ |
| १८ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४००००० | ६५१५५० | ४००००० | ५१०६५० | १२७.६६ |
| १९ | नाता प्रमाणित दस्तुर | ४५००० | ६००० | ४५००० | ४१२०० | ९१.५५ |
| २० | अन्य दस्तुर | ३२००००० | १५४२६३७ | १९००००० | ४८५२०३ | २५.५ |
| २१ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १५००००० | ७३७००० | ९००००० | १२८८७८० | १४३.२ |
| २२ | विद्युतसम्बन्धी दस्तुर | | | | ३५० | १०० |
| २३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | | | | ४३३५८१.७० | १०० |
| २४ | अन्य क्षेत्रको आय | | | | ३१५०० | १०० |
| २५ | अन्य राजश्व | | | | ११९६२४.५६ | १०० |
| २६ | व्यबसाय कर | | | | ७३४० | १०० |
| २७ | बेरुजु | | | | १८३५४१६ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | १२३४५००० | ७९९०७७१ | ९०००००० | १३१६०६७१.७३ | |

सुत्र राजश्व मडुलबाट संकलन- रु १,३१,६०,६७१.७३

बैक स्टिमेट अनुसार संकलन रकम-१,५८,७८,५८७.३०

फरक रकम - रु २७,१७,९१५.५

**आ.व.२०८२/८३ मा संकलन भएको राजश्व रकम**

| क.स. | शिर्षक | आ.व.२०८२/८३ अनुमानित आम्दानी रु. | संकलन भएको राजश्व रु. | % |
|---|---|---|---|---|
| १ | सम्पती कर/मालपोत भूमिकर | १३००००० | ९८६७५९.५ | ७५.९ |
| २ | घर जग्गा रजिष्ट्रेशन | ३००००० | ० | ० |
| ३ | बहालकर | ९००००० | १२५४३११.४० | १३९.३७ |
| ४ | सरकारी सम्पतिको वहालबाट प्राप्त आय | २५००००० | १४०७६२५ | ५६.३१ |
| ५ | अन्य सेवा शुल्क तथा बिक्रि | ५००००० | ११८२२९४.२ | २३६.४६ |
| ६ | न्यायिक दस्तुर | १०००० | १००० | १० |
| ७ | परिक्षा शुल्क | ५०००० | ८४०० | १६.८ |
| ८ | अन्य प्रशासनिक सेवा शुल्क | ० | ९९२२०.२० | १०० |
| ९ | नक्सापास दस्तुर | ३००००० | ४३५६२.८२ | १४.५२ |
| १० | सिफारिस दस्तुर | ८००००० | १०२९२०१ | १२८.६५ |
| ११ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५००००० | ६३९०५० | १२७.८१ |
| १२ | नाता प्रमाणित | ४०००० | ९८०० | २४.८ |
| १३ | अन्य दस्तुर | १९००००० | ११६१३१९.२३ | ६१.१२ |
| १४ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ९००००० | ८४८३६० | ९४.२६ |
| १५ | बेरुजु | ५००००० | ३२३०२५९.९० | ६४६.०५ |

| जम्मा | | १०५००००० | ११९०११६३.२५ | ११५.४७ |
|---|---|---|---|---|

आ.व.२०८२/८३ मा अनुमान गरिएको राजश्व भन्दा रु.१४०११६३.२५ बढी संकलन भएको छ ।जुन अनुमानित रकम भन्दा १३.३५ %ले राजश्व रकम वृद्दि भएको छ ।साथै गत आ.व.भन्दा ३९७७४२४.०५/- कम राजश्व संकलन गर्न भएको छ ।

**आ.व.२०८२/८३ मा वडा कार्यालयले संकलन गरेको राजश्व रकमको विवरण**

| वडा नं. | आ.व.२०८१/८२ | आ.व.२०८२/८३ | प्रगति % |
|---|---|---|---|
| १ | १००४०० | ११८०३१ | ११७.५६ |
| २ | २३८०० | ३००८८ | १२६.४२ |
| ३ | १६६८७० | १६४२८५ | ९८.४५ |
| ४ | १०८६५० | १८७८३९.५ | १७२.८८ |
| ५ | २९१४८० | २८४३३५.५ | ९७.५५ |
| ६ | ६१९४० | ९०१५० | १४५.५४ |
| ७ | ५९६५१ | १०४०५० | १७४.४३ |
| ८ | ५५७५० | १०८५०० | १९४.६२ |
| ९ | ११०९५७ | १०८८०० | ९८.०५ |
| १० | १००१५० | १३७३५५ | १३७.१५ |
| ११ | ९६२५० | ९०५२० | ९४.०४ |
| १२ | १५००५४ | १६०९७३ | १०७.२८ |
| १३ | १३९८०० | २२३०२० | १५९.५३ |
| १४ | १४३०५० | १६४३०० | ११४.८५ |

<u>व्यापार व्यबसाय दर्ता तथा नविकरण</u>

| क्र.स. | पुरानो दर्ता | नया दर्ता | नविकरण भएको | नविकरण नभएको | खारेज भएको |
|---|---|---|---|---|---|
| १ | ४९३ वटा | १५ वटा | २०६ वटा | २८७ वटा | १० वटा |
| जम्मा | ५०८ | | | | |

## २.४ स्वास्थ्य शाखा

नगरपालिकाका आ व २०८२।८३ का स्वास्थ्य क्षेत्रका निति तथा निति अनुरुपको प्रगति विवरण

| **वार्षिक नीति तथा कार्यक्रम** | **कार्यान्वयनको अवस्था** |
|---|---|

| | |
|---|---|
| १. जेष्ठ नागरीकहरुको आँखा जाँच, सुगर, रक्तचाप, महिलाहरुको पाठेघरकोमुखको क्यान्सरको स्कृनिङ र अन्य स्वास्थ्य सेवामा सबैको पहुचसमुदायस्तरमा पुर्याउन विषेशज्ञ सहितको घूम्ती स्वास्थ्य सेवा शिविरसंचालन गरीने छ ।<br>२. नगरपालिका तथा स्वास्थ्य संस्था स्तरीय द्रुत प्रतिकार्य टोलीको क्षमताविकास गरी महामारी तथा विपद जोखीम नियन्त्रण गर्न अत्यावश्यकऔषधि तथा सामग्रीहरु सहित तयारि अवस्थामा राख्ने व्यवस्था मिलाईने<br>३. स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधि र औजारहरुको समय अनुसार उचित व्यवस्था गरिनेछ ।<br>४. सुनौला १००० दिन भित्रका बच्चाहरु र आमाको पोषण अवस्थालाई सुधार गरी बालबालिकाहरुलाई कुपोषणबाट बचाउन पोषण सम्बन्धि विभिन्न स्वास्थ्य शिक्षा मूलक सचेतना कार्यक्रमहरुको आयोजना गरीनेछ ।<br>५. "विद्यालय स्वास्थ्य शिक्षा" कार्यक्रमलाई थप सुधार गर्दै लगिनेछ । ६. कम तौलका वच्चा जन्माएका सुत्केरी महिलाहरुका लागी उपमेयर पोषण कार्यक्रम सञ्चालन गरीनेछ ।<br>६. ग्रामिण अल्ट्रासाउण्ड सेवा नगरपालिका भित्रका प्रसूती हुने महिलाहरु लाई घरबाट पालिका भित्रका नजिकको वर्थिङ सेन्टर सम्म जान र प्रसुती भईसकेपछी घर सम्म फर्किनको लागि निशुल्क एम्बुलेन्स सेवा लाई निरन्तरता दिईनेछ।<br>७. बालबालिकाहरुको स्वास्थ्य सम्बन्धि अधिकार सुनिश्चित गर्न पूर्णखोप सुनिश्चितता | १.नगरका सबै वडामा पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ्ग गरिएको तथा बाँडा तथा बस्ति मा एकिकृत स्वास्थ्य शिविर संचालन।<br>२.Medicine Cupboard को व्यवस्थापन गरि भईतलामा राखिएको।<br>३.२ चोटी टेण्डर बिधि द्वारा खरिद गरि बितरण गरिनुका साथै प्रयाप्त मौज्दात रहेको ।<br>४.सबै आमा समुहलाई पोषण सम्बन्धि अभिमुखिकरण गरिनुका साथै करिब १००० जना बालबालिकाको पोषण लेखाजोखा गरि १६ जनालाई उपचार गरिएको।<br>५.विधालयमा विधालय नर्सले प्रत्येक्ष योगदान पुर्याएको<br>६.नगरपालिकाका करिब २३० जना गर्भवति महिलाको भिडियो एक्सरे सेवा प्रदान गर्नुका साथै २४ जना जटिल अवस्थाका गर्भवति सुतकेरि महिलालाई १२१००० यातायात खर्च उपलब्ध गराईएको ।<br>७.सबै बालबालिकालाई पुर्ण खोप प्रदान गरि वडा तथा नगरलाई पुर्ण खोप सुनिश्चित घोषणा गरिएको<br>८.सबै म स्वा स्व से लाई सो रकम भुक्तानि भएको<br>९.नवबिस आ स्वा से केन्द्र र जुपु स्वास्थ्य चौकी बाट सेवा सुरुवात गरिएको |

| | |
|---|---|
| कार्यक्रमलाई प्राथमिकताका साथ निरन्तरता दिईनेछ ।<br>८. समुदाय स्तरको स्वास्थ्य सुधारका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु लाई मासिक यातायात र खाजा खर्चको सुविधालाई निरन्तरता दिईनेछ ।<br>९. सबै स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीलाई paperless र Digitalization गरीनेछ । | |

आ व २०८२/८३ मा सम्पादन भएका कार्यहरुको प्रगति विवरण तालिका

| मंगलसेन नगरपालिकाका प्रमूख स्वास्थ्य सूचकांकहरु | | | | |
|---|---|---|---|---|
| कार्यक्रम | सूचक/ अवधी | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| राष्ट्रिय खोप कार्यक्रम | १ वर्षमुनिका बिसिजी खोप पाउने बालबालिकाको % | ६१ | ६६ | ५६ |
| | १ वर्ष मुनिका डी पी टि तेस्रो मात्रा खोप पाउने बालबालिकाको % | ५५ | ६४ | ५० |
| | १२ देखि २३ महिना सम्मका बालबालिकाहरु ले दादुरा रूबेला खोपपाएको % | ७३ | ७१ | ५२ |
| | TD2 & TD2+ खोप पाएका गर्भवती महिलाहरुको % | ४७ | ४७ | ४० |
| | पेन्टा १ Vs दादुरा २ ड्रप आउट दर | -२० | -१३ | -७ |
| | पेन्टा खोपको खेर जाने दर | ४७ | ५१ | ५२ |
| पोषण | ०-२३ महिनाका बालबालिकाहरुको बृद्धि अनुगमन % | ३४ | ४० | ३२ |
| | ०-२३ महिना का बृद्धि अनुगमन गरिएका बालबालिकाहरु मध्ये कमतौल भएका बालबालिकाहरु % | ३ | २ | २ |
| | स्वास्थ्य संस्थामा कम जन्म तौल (low birth weight <2.5kg) भएका शिशु % | ७ | ६ | ७ |
| | ०-२३ महिना का बालबालिकाहरुको औसत बृद्धि अनुगमन पटक | १८ | १८ | १८ |
| | SAM भएका बच्चाहरुको निको हुने दर % | ८५ | ७१ | ७३ |
| | २६ हप्ता आईरन फोलिक एसिड चक्कि खाने किशोरीको % | ६३ | ८१ | ७७ |
| CBIMNCI | २ महिनामुनिका दर्ता भएका बिरामी बच्चा मध्ये PSBI को % | २१ | २० | २९ |
| | PSBI भएका बच्चाहरुले Gentamicin को पुरा मात्रा पाएको % | ८८ | ९८ | ९४ |

| | | | | |
|---|---|---|---|---|
| | पाँच बर्षमुनिका बच्चाहरुमा झाडापखाला incidence rate (प्रति हजार मा) | ६२५ | ६२१ | ३८२ |
| | पाँच बर्षमुनिका बच्चाहरुमा स्वासप्रश्वास (ARI) को Incidence(प्रति हजारमा) | १६१२ | १३६३ | ८९० |
| | पाँच बर्षमुनिका बच्चाहरुमा pneumonia को Incidence दर (प्रति हजारमा) | २०६ | १८९ | ११६ |
| | झाडापखाला भएका पाँच बर्षमुनिका बच्चाहरुलाई जिंक र ओ आर एस उपचार गरिएको % | १०० | १०० | १०० |
| | निमोनिया भएका नयाँ बच्चाहरु मध्ये कडा निमोनिया भएका बच्चा % | ३ | ३ | ३ |
| सुरक्षित मातृत्व | स्वास्थ्य संस्था मा कम्तिमा पनि एकपटक गर्भजाच गराउने महिला को % | ५६ | ५७ | ४२ |
| | गर्भावस्थामा १८० आईरन चक्की पाउने महिला को % | ४४ | ५६ | ४० |
| | प्रोटोकल अनुसार (४,६,८ र ९ महिनामा) गर्भाजाच गराउने महिला % | ४४ | ४८ | ३१ |
| | संस्थागत सुत्केरी % | ९७ | ११० | ९० |
| | ४५ दिन को लागि आईरन चक्की पाएका सुत्केरी महिला % | ८७ | १०२ | ९८ |
| | Met need for emergency obstetric care | ३५ | ७४ | ६३ |
| परिवार योजना | प्रजनन् उमेरका महिलाहरु मध्ये परिवार योजनाका नया प्रयोगकर्ता % | २१ | २३ | ३० |
| | सुरक्षित गर्भपतन सेवा लिने २० वर्ष मुनिका महिला को अनुपात (%) | ५ | २ | ८ |
| | परिवार नियोजन साधन प्रयोगकर्ता दर (CPR) | ३१ | ३० | २४ |
| | डिपो का लगातार प्रयोगकर्ता संख्या | ५४९ | ३५२ | ४४६ |
| | IUCD का लगातार प्रयोगकर्ता संख्या | १५५ | १५९ | १५५ |
| | Implant का लगातार प्रयोगकर्ता संख्या | १०८१ | १०१४ | ९०२ |
| | Pills का लगातार प्रयोगकर्ता संख्या | ३१७ | २३३ | २३९ |
| औलो | औलो उच्च जोखिममा रहेका जिल्लाहरुमा बार्षिक रक्त नमुना परिक्षण दर | ५.९ | ७.४ | ७.४ |
| | औलो annual parasite incidence (per 1000) | ०.२३ | ०.५१ | |
| कुष्ठरोग | प्रति दश हजार जनसंख्यामा कुष्ठरोग incidence दर | १६.४६ | १२.२४ | ९.१९ |
| | कुष्ठरोगको नया केश पत्ता लाग्ने दर | ११.४८ | | ७.६६ |
| क्षयरोग | सबै खाले टीबी केशमा Case notification rate (CNR) | १२२.५ | ७१.१ | ५३.६ |

| | | | | |
|---|---|---|---|---|
| | दर्ता भएका नया क्षयरोगका बिरामी संख्या | २६ | १६ | ११ |
| | क्षयरोगको उपचार सफलता दर | ८१ | ७२ | ७० |
| एचआइभी | एच आइ भी परिक्षण गरिएका गर्भवती महिलाहरु % | ५६ | ५७ | ४२ |
| ओपिडी सेवा | जम्मा जनसंख्यामा ओपिडी मा आएका नयाँ बिरामी % | ११९ | १२६ | १२२ |

**वडागत स्वास्थ्य बीमा सदस्यता अवस्था**

मंगलसेन नगरपालिकाका १४ वडामा स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध सदस्य तथा परिवारको विवरण निम्न अनुसार रहेको छ।

| क.सं | वडा नं | बिमित सदस्य संख्या | परिवार संख्या |
|---|---|---|---|
| १ | १ | ३९८ | १३३ |
| २ | २ | १९९ | ५७ |
| ३ | ३ | १२६२ | ३९७ |
| ४ | ४ | ७४९ | २७५ |
| ५ | ५ | २७९५ | ७४५ |
| ६ | ६ | ६७८ | २१२ |
| ७ | ७ | ५४५ | १०२ |
| ८ | ८ | ६९४ | २३३ |
| ९ | ९ | ४५१ | १७५ |
| १० | १० | १९७ | १३२ |
| ११ | ११ | १८४ | ९६ |
| १२ | १२ | ८८५ | २९४ |
| १३ | १३ | २४९ | ११३ |
| १४ | १४ | ४३४ | १८२ |
| जम्मा | | ९७२० | ३१४६ |

चैत्र महिनामा संचालित नसर्ने रोग पहिचानको उपलब्धि विवरण

**BMI स्थिति**

कम तौल (<18.5): पुरुष १८४, महिला ६४

सामान्य (18.5–24.9): पुरुष ७९९, महिला ३१६

बढी तौल (25–29.9): पुरुष २१०, महिला १६९

मोटोपना (≥30): पुरुष ४४, महिला ४५

**रक्तचाप स्थिति**

सामान्य (100–120/60–80): पुरुष ९५७, महिला ३११

प्रि—हाइपरटेन्सन (>120–140/>80–90): पुरुष १७८, महिला १५४

उच्च रक्तचाप (>140/90): पुरुष ८३, महिला १०७

**पोषण लेखाजोखा अभियान २०८२।८३ उपलब्धि विवरण**

२०८३ बैशाख १५ देखि ३० सम्म मंगलसेन नगरपालिका भरका १४ वटै वडाहरूमा अभियानका रूपमा कार्यक्रम सञ्चालन भएको थियो। अभियानमा तपशिल बमोजिमको प्रगित भएको थियो।

तालिका १ मध्य पाखुराको नाप(MUAC) अनुसारको प्रगति विवरण

| क स | स्वास्थ्य संस्था | मध्य पाखुराको नाप(MUAC) | | | |
|---|---|---|---|---|---|
| | | सामान्य | मध्यम शिघ्र कुपोषण | कडा शिघ्र कुपोषण | जम्मा जाँच |
| 1 | कुन्तिवण्डालि स्वा चौकी | ७६ | ५ | | ८१ |
| 2 | मिस्तुरु आ स्वा से केन्द्र | २१ | | | २१ |
| 3 | देउमाडु आ स्वा से केन्द्र | ९४ | १ | | ९५ |
| 4 | नवबिस आ स्वा से केन्द्र | ७५ | २ | १ | ७८ |
| 5 | मंगलसेन सहरी स्वा क्लि | १३३ | २ | | १३५ |
| 6 | भनथान आ स्वा से केन्द्र | ५८ | २ | | ६० |
| 7 | जनालिवण्डालि स्वा चौ | ७५ | २ | | ७७ |
| 8 | सुतुडा आ स्वा से केन्द्र | ४३ | | | ४३ |
| 9 | ओलिगाउँ स्वा चौ | २३ | १ | | २४ |
| 10 | जुपु आ स्वा से केन्द्र | २२ | १ | | २३ |
| 11 | जुपु स्वा चौ | ३० | २ | | ३२ |
| 12 | बान्नातोलि स्वा चौ | ९५ | ५ | २ | १०२ |
| 13 | बाँडा सहरी स्वास्थ्य क्लि | ३७ | ५ | १ | ४३ |
| 14 | बस्ति स्वा चौ | ५० | ५ | १ | ५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| 15 | कालागाउँ स्वा चौ | ८२ | ३ | | ८५ |
| जम्मा | | ९१४ | ३६ | ५ | ९५५ |

उचाई अनुसारको तौल अनुसारको प्रगति विवरण

| क्र स | स्वास्थ्य संस्था | उचाई अनुसारको तौल(Z score) | | | |
|---|---|---|---|---|---|
| | | सामान्य | मध्यम शिघ्र कुपोषण | कडा शिघ्र कुपोषण | जम्मा जाँच |
| 1 | कुन्तिवण्डालि स्वा चौकी | ६८ | ६ | ३ | ७७ |
| 2 | मिस्तुरु आ स्वा से केन्द्र | १७ | ३ | | २० |
| 3 | देउमाडु आ स्वा से केन्द्र | ९२ | १ | १ | ९४ |
| 4 | नवबिस आ स्वा से केन्द्र | ७२ | २ | १ | ७५ |
| 5 | मंगलसेन सहरी स्वा क्लि | ११० | १६ | ४ | १३० |
| 6 | भनथान आ स्वा से केन्द्र | ५१ | ८ | | ५९ |
| 7 | जनालिवण्डालि स्वा चौ | ६७ | ५ | १ | ७३ |
| 8 | सुतुडा आ स्वा से केन्द्र | ४० | १ | | ४१ |
| 9 | ओलिगाउँ स्वा चौ | २१ | १ | १ | २३ |
| 10 | जुपु आ स्वा से केन्द्र | २२ | | | २२ |
| 11 | जुपु स्वा चौ | २८ | २ | १ | ३१ |
| 12 | बान्नातोलि स्वा चौ | ९२ | ६ | १ | ९९ |
| 13 | बाँडा सहरी स्वास्थ्य क्लि | ३७ | ६ | | ४३ |
| 14 | बस्ति स्वा चौ | ४९ | ६ | ० | ५५ |
| 15 | कालागाउँ स्वा चौ | ७३ | ६ | ३ | ८२ |
| जम्मा | | ८३९ | ६९ | १६ | ९२४ |

## २.५ शिक्षा युवा तथा खेलकुद शाखा

<u>शिक्षा क्षेत्रको बजेट र खर्चको अवस्था</u>

आ.व.२०८२/८३ मा शिक्षा क्षेत्रमा विनियोजन भएको बजेट र खर्चको अवस्थालाइ शिर्षकगत रुपमा तल प्रस्तुत गरीएको छ।

| बजेट स्रोत | विनियोजन बजेट रु | खर्च रकम रु | प्रगति % |
|---|---|---|---|
| शिक्षा ससर्त | २४३३३५०००। | २२५०६१२७२ | ९२.४९ |
| शिक्षा नगर | २२४७५६४० | २१४३६३८९ | ९५.३७ |

यस पालिकामा संघिय सरकार र स्थानीय सरकार बाट विनियोजित बजेट, कार्यक्रमको कार्यान्वयन अवस्था निकै सन्तोषजनक रहेको छ ।दुइ तहको कूल बजेट मध्ये करिब **९३.९३ %** कार्यन्वयन भएको अवस्था छ

संस्थागत संरचना, शैक्षिक सुशासन तथा पारदर्शिता

मंगलसेन नगरपालिकाले शिक्षा क्षेत्रमा सुशासन, पारदर्शिता, उत्तरदायित्व र प्रभावकारिता अभिवृद्धि गर्न विभिन्न नीतिगत तथा व्यवस्थापकीय औजारहरूको सफल कार्यान्वयन गरेको छ। प्रशासनिक कार्यहरूको चापका बाबजुद पनि पालिकाले निरीक्षण र अनुगमन प्रणालीलाई चुस्त बनाएको छ।

पालिका अन्तर्गत संचालित कुल ३९ वटा सामुदायिक विद्यालयहरूले सामाजिक लेखापरीक्षण, आर्थिक लेखापरीक्षण र विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्ने कार्य सम्पन्न गरेका छन्। यसका साथै ५ वटा सामुदायिक सिकाइ केन्द्र ले पनि सामाजिक र आर्थिक लेखापरीक्षण सम्पन्न गरी वित्तीय अनुशासन कायम गरेका छन्।

नीतिगत बैठक तथा निर्णयहरूस् आर्थिक वर्ष २०८२।८३ मा शिक्षा शाखासँग सम्बन्धित विभिन्न समिति र सरोकारवालाहरू बीच कुल २२ वटा बैठकहरू सम्पन्न भएका छन्। जसमा नगर शिक्षा समितिको ४ पटक र प्रधानाध्यापकहरूको ५ पटक बैठक बसी पालिकाको शैक्षिक योजना, विद्यालय समायोजन, दरबन्दी मिलान र परीक्षा व्यवस्थापन जस्ता विषयहरूमा महत्त्वपूर्ण नीतिगत तथा व्यावहारिक निर्णयहरू गरिएका छन्।

संगठनात्मक संरचना र विकेन्द्रीकरणस् वडास्तरका शैक्षिक क्रियाकलापहरूमा एकरूपता ल्याउनका लागि प्रत्येक वडाका १।१ वटा माध्यमिक विद्यालयलाई स्रोत विद्यालय र सोही विद्यालयका प्रधानाध्यापकलाई सम्पर्क व्यक्ति तोकी पालिका र विद्यालयहरूबीच सुमधुर सम्बन्ध स्थापित गरिएको छ।

विद्यार्थी भर्ना, लैङ्गिक सन्तुलन तथा तहगत स्थिति

एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS-२०८२) को रिपोर्ट अनुसार पालिकाभरि सञ्चालित ४३ वटा विद्यालय (३८ साधारण सामुदायिक, १ प्राविधिक सामुदायिक, ४ संस्थागत/निजी), सामुदायिक बालविकास केन्द्रहरू र उच्च शैक्षिक संस्थाहरू (२ क्याम्पस र १ बहुप्राविधिक शिक्षालय) मा गरी कुल ७,६७५ जना विद्यार्थीहरू भर्ना भएका छन् भने भर्ना भएका विद्यार्थीहरू मध्ये ३,८०४ जना छात्राहरू (४९.५६%) र ३,८७१ जना छात्रहरू (५०.४४%) रहेका छन्। त्यस्तै भर्ना भएका मध्ये प्रारम्भिक बालविकास (ECD/PPC) तहमाः १,०११ जना , प्राथमिक तह (कक्षा १-५) मा २,९१५ जना ,निम्न माध्यमिक तह (कक्षा ६-८) मा १,६८७ ,माध्यमिक तह (कक्षा ९-१०) मा १,१५४ जना र उच्च माध्यमिक तह (कक्षा ११-१२) मा ९०८ जना विद्यार्थीहरू अध्ययनरत छन्।

४. परीक्षा नतिजा विश्लेषण तथा सिकाइ उपलब्धि

कक्षा १-९ को वार्षिक परीक्षा नतिजाः कुल भर्ना भएका विद्यार्थीहरूमध्ये आन्तरिक वार्षिक परीक्षामा सम्मिलित ३,१९६ जना विद्यार्थीहरूमा ३,१३४ जना (९८.०६%) विद्यार्थीहरू उत्तीर्ण वा माथिल्लो कक्षामा जान योग्य (Graded) भएका छन् भने केवल ६२ जना विद्यार्थीहरू मात्र नन-ग्रेड (१.९४%) भएका छन्।एसईई परीक्षामा कुल ४५५ जना परीक्षार्थीहरू सहभागी भएका थिए जस मध्ये ३४७ जना (७६.२६%) विद्यार्थीहरू उत्तीर्ण वा माथिल्लो कक्षामा भर्ना हुन योग्य (Graded) भएका छन् भने १०५ जना (२३.०८%) विद्यार्थी नन-ग्रेड (NG) मा परेका छन्। उत्तीर्णदर सन्तोषजनक रहे पनि ३.६ भन्दा माथि GPA ल्याउने विद्यार्थीको संख्या केवल ५ जना (१.१०%) मात्र रहेको छ ।

कक्षागत टिकाउ दर, दोहोऱ्याउने दर र विद्यालय छाड्ने दर

विद्यालयमा निरन्तरता र ड्रपआउट (Dropout) को अवस्थालाई स्पष्ट पारेको छ।

प्रारम्भिक बालविकास (ECD) तहः यस तहमा उत्तीर्ण दर ५२% मात्र रहेको छ भने कक्षा दोहोऱ्याउने दर (Repeated Rate) ३९.३% उच्च रहेको छ र विद्यालय छाड्ने दर ८.७१% रहेको छ।प्राथमिक र निम्न माध्यमिक तहमा औसत उत्तीर्ण दर ८४.२३%, कक्षा दोहोऱ्याउने दर ९.३८% र विद्यालय छाड्ने दर ५.७९% रहेको छ। कक्षा १ मा कक्षा दोहोऱ्याउने दर (१८.६७%) र विद्यालय छाड्ने दर (८.५%) देखिन्छ।

माध्यमिक तह (कक्षा ६-९) मा औसत उत्तीर्ण दर ९१.६१% र कक्षा दोहोऱ्याउने दर केवल १.९७% मात्र रहेको छ र विद्यालय छाड्ने (ड्रपआउट) दर ६.४३% रहेको छ।

कार्यक्रम कार्यान्वयन, भौतिक तथा वित्तीय प्रगति

आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारको ससर्त अनुदान र मंगलसेन नगरपालिकाको आन्तरिक स्रोतबाट विनियोजित बजेटहरूको वित्तीय प्रगतिः

पाठ्यपुस्तक अनुदान निकासा रु. ३७,१०,०७६.९४ निःशुल्क पाठ्यपुस्तक खरिद बापत विद्यालयहरूको बैंक खातामा सिधै निकासा गरिएको छ

दिवा खाजा कार्यक्रमको व्यवस्थापनः प्रारम्भिक बालविकास र आधारभूत तहका कुल ३,००३ जना विद्यार्थीहरूका लागि प्रति-विद्यार्थी दैनिक रु. २० का दरले कुल रु. ८५,६४,३०० दिवा खाजा अनुदान निकासा गरिएको छ।

लक्षित तथा विपन्न छात्रवृत्तिःप्राथमिक तह (कक्षा १-५) का १,०७६ जना छात्राहरू र ५१८ जना दलित विद्यार्थीहरूलाई छात्रवृत्ति रकम (कुल रु. १०,९१,१००) पारदर्शी रूपमा वितरण गरिएको छ। जसमा अपाङ्गता भएका ९ जना विद्यार्थी र विशेष सामग्री प्राप्त गर्ने विद्यालय समावेश हुँदा श्री षोडशा देवी माविले मात्रै रु. ४,८८,२०० प्राप्त गरेको छ।

कक्षा ६-१२ मा अध्ययनरत १४ वटा विद्यालयका कुल ३७८ जना विपन्न लक्षित विद्यार्थीहरूलाई प्रति-विद्यार्थी वार्षिक रु. ६,००० का दरले कुल रु. २२,६८,००० छात्रवृत्ति रकम सिधै वितरण गरिएको छ।

विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानः विद्यालय सुधार योजना (SIP) निर्माण, लेखापरीक्षण, र इन्टरनेट जडान तथा सञ्चालन खर्चका लागि ३९ वटा विद्यालयहरूलाई कुल रु. २८,२८,००० एकमुष्ठ अनुदान उपलब्ध गराइएको छ। जसमा प्राविधिक धार ल्याब सामग्रीका लागि श्री मंगला नेरा माविलाई रु. २ लाख र स्रोत कक्षा सञ्चालनका लागि श्री षोडशा देवी माविलाई रु. २,३५,००० विशेष अनुदान समेत सामेल छ।

५ वटा सामुदायिक सिकाइ केन्द्रहरूलाई सहजकर्ताको पारिश्रमिक (रु. ६,५०,०००) र सञ्चालन अनुदान (रु. ८,५०,०००) गरी कुल रु. १५,००,००० बजेट निकासा गरीएको छ।

नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा खेलकुद तयारीका लागि ११ वटा माध्यमिक विद्यालय र १ वटा क्याम्पसलाई गरी कुल रु. ५,५३,००० अनुदान वितरण गरिएको छ।

## २.६ महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा

मंगलसेन नगरपालिका अन्तर्गत महिला, बालबालिका तथा समाज कल्याण शाखाले आर्थिक वर्ष २०८२/८३ मा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित समुदायको अधिकार संरक्षण, सामाजिक सुरक्षा, समावेशी विकास तथा सशक्तीकरणका विविध कार्यक्रम सञ्चालन गरेको छ। शाखाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI), महिला सशक्तीकरण, बालअधिकार संरक्षण, ज्येष्ठ नागरिक सम्मान, अपाङ्गता अधिकार संरक्षण तथा घरेलु हिंसा न्यूनीकरणलाई प्राथमिकतामा राखी कार्यक्रम कार्यान्वयन गरेको छ। यस क्रममा महिला समूह, बाल सञ्जाल, किशोरी सञ्जाल तथा विभिन्न सरकारी एवं गैरसरकारी निकायसँग समन्वय गरी समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ मा नियमिततर्फ अपाङ्गता परिचयपत्र वितरण समन्वय समितिको ४ पटक बैठक सञ्चालन गरिएको थियो। १ पटक अपाङ्गता परिचयपत्र वितरण शिविर सञ्चालन गरी १९ वटा परिचयपत्र वितरण गरिएकोमा रातो १, निलो ८, पहेंलो ६ र सेतो ५ वटा रहेका छन्। एकल तथा दलित महिलाका लागि ३ दिने व्यवसायिकता तालिम सञ्चालन गरिएकोमा ३० जना महिला सहभागी भएका थिए। त्यसैगरी १७ सदस्यीय नगरस्तरीय बाल सञ्जाल पुनर्गठन, किशोरी सञ्जाल गठन, १९ सदस्यीय महिला सञ्जाल गठन तथा लैङ्गिक हिंसा न्यूनीकरणका लागि ३ स्थानमा परिवारका सदस्यलाई १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। हिंसा प्रभावित १० जनालाई यातायात तथा बिउपुँजी सहयोग प्रदान गरिएको थियो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरू विभिन्न वडामा आयोजना गरिएको कार्यक्रममा करिब १ हजारभन्दा बढी व्यक्तिको सहभागिता रहेको थियो।

सामाजिक सुरक्षा तथा जीविकोपार्जन सुधारका क्षेत्रमा पनि शाखाले उल्लेखनीय कार्य सम्पन्न गरेको छ। ३५ जना ज्येष्ठ नागरिकलाई सम्मान गरिएको थियो। २५ जना लाभग्राहीलाई जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत तालिम तथा अनुदान सहयोग प्रदान गरिएको छ। बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौलो १००० दिनका २८ जना आमालाई तालिम तथा अनुदान सहयोग उपलब्ध गराइएको छ। साझेदारीतर्फ मानव अधिकार रक्षक सञ्जालसँगको सहकार्यमा ४ स्थानमा महिला सशक्तीकरण तथा लैङ्गिक हिंसा सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको थियो। सामाजिक विकास कार्यालय अछामको समन्वयमा १४ वडाका १४ जना धामी—झाँक्रीसँग अन्तरक्रिया तथा एकल महिला र अपाङ्गता भएका १४ जना व्यक्तिलाई सीप विकास तालिम प्रदान गरिएको थियो।

उपलब्धिका दृष्टिले अपाङ्गता भएका व्यक्तिहरू आयआर्जनमूलक गतिविधिमा सहभागी भई आत्मनिर्भर बन्न थालेका छन्। बालबालिकामा नेतृत्व तथा क्षमता विकास भएको छ। लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरूले मनोसामाजिक परामर्श, कानुनी सहायता तथा पुनःस्थापनासहित व्यवसाय सञ्चालन गर्न सफल भएका उदाहरणहरू देखिएका छन्। परिवारस्तरमा सञ्चालन गरिएको अभिमुखीकरण कार्यक्रमले हिंसाप्रति सकारात्मक सोच विकास गर्न सहयोग पुगेको छ। जीविकोपार्जन सुधार तथा सुनौलो १००० दिन कार्यक्रममार्फत विपन्न आमाहरूको आयआर्जन र पोषणयुक्त आहारमा सुधार आएको पाइएको छ।

शाखाले कार्यक्रम कार्यान्वयनका क्रममा केही चुनौतीहरू पनि पहिचान गरेको छ। सीमित बजेट तथा स्रोत—साधनका कारण सबै लक्षित लाभग्राहीसम्म सेवा विस्तार गर्न कठिनाइ भएको, सामाजिक कुरीति

तथा लैङ्गिक विभेदसम्बन्धी परम्परागत सोचका कारण कार्यक्रमको प्रभावकारितामा असर परेको, आयआर्जन कार्यक्रमका लागि बजार पहुँच, प्राविधिक सहयोग तथा नियमित अनुगमनको अभाव रहेको तथा तथ्याङ्क व्यवस्थापन र अभिलेखीकरणलाई थप व्यवस्थित बनाउनुपर्ने आवश्यकता रहेको उल्लेख गरिएको छ।

यसरी महिला, बालबालिका तथा समाज कल्याण शाखाले आर्थिक वर्ष २०८२/८३ मा महिला सशक्तीकरण, बाल संरक्षण, लैङ्गिक हिंसा न्यूनीकरण, अपाङ्गता अधिकार संरक्षण, पोषण सुधार तथा सामाजिक समावेशीकरणका क्षेत्रमा प्रभावकारी कार्यक्रम सञ्चालन गरी समुदायमा सकारात्मक सामाजिक परिवर्तन ल्याउन महत्वपूर्ण योगदान पुऱ्याएको निष्कर्ष निकाल्न सकिन्छ।

## २.७ सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा

### आ व २०८२।८३ मा भए गरेका काम कार्यहरु

- ✓ गत आ.ब.मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको परिचय पत्र नवीकरण एम.आई.एस. (MIS) प्रणालीमा प्रविष्ट।
- ✓ सामाजिक सुरक्षा भत्ता लाभग्राहीको तथ्याङ्क अद्यावधिक तथा शुद्धीकरणमा निरन्तरता।

आ.व. २०८२/०८३ मा भत्ता प्राप्त गर्ने योग्य लाभग्राही तथ्याङ्क

| लक्षित समुह | गत आब बाट नविकरण | नयाँ थप | लगतकट्टा | जम्मा |
|---|---|---|---|---|
| जेष्ठ नागरिक ६८ माथी | १८६८ | १६ | ६८ | १८१६ |
| जेष्ठ नागरिक दलित | ४०२ | ८१ | ६ | ४७७ |
| जेष्ठ नागरिक एकल | २७९ | ५ | ५ | २७९ |
| एकल | ५४१ | ३९ | ० | ५८० |
| क वर्ग | १६ | ० | ० | १६ |
| ख वर्ग | ७९ | ९ | १ | ८७ |
| क्षेत्रतोकिएका बा. | १५४५ | ३०२ | ३५५ | १४९२ |
| दलित वालवालिका | ७३३ | १३६ | १५९ | ७१० |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | ५४६३ | ५८८ | ५९४ | ५४५७ |

## आ.ब. २०८२/०८३ मा खर्च रकम विवरण

| वर्ग | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
